
www.khojtalashonline.com

# खोजतलास

राष्ट्रिय साप्ताहिक

वर्ष २६ अंक ३० ◆ ३२ जेठ २०८०, बिहीबार (15 June, 2023 Thursday) ◆ नेपाल सम्बत ११४३ मूल्य रु २०/-

## पौडेललाई राष्ट्रपति नफापेकै हो ?



काठमाडौं । राष्ट्रपति बनेदेखि रामचन्द्र पौडेललाई स्वास्थ्यले साथ दिन छाडेको छ । उनी कहिले पेटको त कहिले छातिको समस्याले अस्पताल धाउन वाध्य भएका छन् । भारत समेत पुगे उनी उपचार गर्न । आखिर पौडेललाई भएको के हो ? ७९ वर्षका भए पौडेल । विद्यार्थीकालदेखि नै राजनीतिमा होमिएका थिए उनी । निष्ठाको राजनीतिको परिचय बनाउन सकेका छन् । पटक पटक अवसरहरु पाए । प्रधानमन्त्री बन्न पाएनन् तर मन्त्री, उपप्रधानमन्त्री, सभामुख जस्ता पदमा पुगे । राजनीतिक जीवनको उत्तरार्द्धमा राष्ट्रपति बने ।

बुढ्यौली लागेर होला राष्ट्रपति रामचन्द्र पौडेलको स्वास्थ्यमा गडबड भइरहेको छ । उनलाई मंगलबार हृदयघात भयो । आकस्मिक रुपमा गंगालाल अस्पताल पुऱ्याइयो । एनजिओग्राफी गरेर मुटुको भल्व खोलियो । २४ घन्टा निगरानीमा रहनुपर्ने

बाँकी सातौं पृष्ठमा

# प्रचण्डको ज्यान लिनेदेखि जेल हाल्ने षड्यन्त्र



काठमाडौं । नेपालको राजनीतिका व्यवहारवादी र यथार्थवादी नेताको पहिचान स्थापित गरेका नेता बनेका छन् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड । उनले आफ्नो इच्छा मात्र नभई सिद्धान्तलाई नै बली चढाएर भएपनि देश र जनताको हितमा निर्णय लिन चुकेनन् । जनवादी शासन ल्याउने उद्देश्यका साथ सशस्त्र जनयुद्धमा होमिएका उनले धेरै रगत नबगोस् भनेर शान्ति सम्झौता गरे । प्रचण्ड विस्तारै लचिलो बन्दै देशका हितमा एकपछि अर्को निर्णय गर्न पुगे । उनकै कारण देशमा गणतन्त्र आयो । संघीयता र धर्मनीरपेक्ष प्रचण्डकै योगदान हो । तर, जुनसुकै प्रणाली देश हितमा छैनन् भने प्रचण्ड त्यसलाई उल्टाउन पछि हट्दैनन् । उनले पटक पटक आफैले स्थापना गरेका दलहरु नै बिघटन गरेको इतिहास साक्षी छ ।

प्रचण्ड धर्ममा विश्वास गर्दैनन् भन्ने सन्देश प्रवाह गरिएको थियो । तर, उनले भारतको मध्यप्रदेशस्थित महाकालेश्वरको दर्शन गरेर सबैलाई छक्क पारे । ब्राम्हण परिवारमा जन्मिएका प्रचण्डले गेहरु वस्त्र लगाएरै दर्शन गरे । त्यसपछि स्वदेश फर्किएर पशुपतिनाथको दर्शन गरे । हिन्दू धर्म विरोधीहरु प्रचण्डको कदमबाट आत्तिए । उनी हिन्दू परिवारमा जन्मिएका हुन् र धर्मकर्ममा विश्वास गर्छन् भन्ने सन्देश गएको छ । तेस्रोपटक प्रधानमन्त्री बनेपछि प्रचण्ड दौरा सुरुवालमा देखिए । धेरैलाई यसले झड्का दियो । अहिले प्रचण्ड प्रायः दौरा सुरुवालमै देखिन्छन् ।

भारत भ्रमणबाट प्रचण्डले महत्वपूर्ण उपलब्धि हासिल गरे । विद्युत व्यापार, जलविद्युत आयोजनामा महत्वपूर्ण सम्झौता भयो । सीमा समस्याका विषय उठाए । प्रचण्डले खुलेर राष्ट्रहितमा आवाज उठाए । यसबाट विरोधीहरु आत्तिएका छन् । प्रचण्डले कुनैपनि बेला देशमा धर्मनीरपेक्षतालाई परिवर्तन गर्न कदम चाल्न सक्छन् भनेर आत्तिएका हुन् । यसबाट त्रसित भएकाहरु उनीविरुद्ध षड्यन्त्रमा लागेका छन् । त्यसो त प्रचण्डले शरणार्थी प्रकरणमा मैं हुँ भन्नेको छानविन गरेपछि घेराबन्दीको प्रयासहरु भइसकेको थियो । प्रचण्डले स्वयंले आफ्नो ज्यानको खतराबारे उजागर गरेका थिए । उनले जेठ महिनामा आफूलाई मार्ने षड्यन्त्र भएको बताएका थिए । आफूले भ्रष्टाचारविरुद्ध कडा कदम चालेको भन्दै प्रचण्डले ठूलै षड्यन्त्रको विषय उठाएको थियो । त्यसको केही हप्तामै प्रचण्डविरुद्ध मुद्दा दर्ताको आदेश जारी भयो ।

लेनिन बिष्टले दायर गरेको युद्ध अपराधको रिट दरपीठ भएपनि दर्ताको आदेश हुनेवित्तिकै सुनुवाई भयो । मुद्दाले अग्राधिकार पनि पाएको छ आज । लेनिन बिष्टलाई आफूलाई मानवअधिकारवादी दाबी गर्ने ठूलै समूहले उचालिरहेको छ । उनी हेग समेत पुगेर फर्किइसकेका छन् । यसमा पनि ठूलै गिरोहको साथ मिलिरहेको छ । बिष्टको रिट दरपीठ भइरहँदा अचानक दर्ता गर्ने आदेश आयो । त्यसपछि प्रचण्डको राजीनामाको माग संसदमा गरियो । माग गर्ने थिए राप्रपा सांसद ज्ञानेन्द्र शाही । यो सबै योजना अनुसार

बाँकी सातौं पृष्ठमा

## आरोपै आरोप खेप्दै आईजीपी



काठमाडौं । प्रहरी महानिरीक्षक (आईजीपी) बसन्त बहादुर कुँवरमाथि पछिल्लो समय आरोपै आरोप लाग्दै आइरहेको छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा शंकास्पद भूमिका खेलेको आरोप लागेका प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरमाथि अर्को गम्भीर आरोप पनि लागेको छ । भूमाफियासँग मिलेर प्रहरी कार्यालय नै उठाउन लागेको आरोप उनीमाथि लागेको हो ।

पञ्चायतकालदेखि ललितपुरको लगनखेलको बसपार्कमा रहेको वडा प्रहरी कार्यालय सारेर त्यहाँ व्यापारिक भवन बनाउन एक समूहले चलखेल गरिरहेको छ । जसको मतियार आइजिपी कुँवर समेत भएको आरोप लागेको छ ।

ललितपुर महानगरपालिकाले केही व्यापारीसँग मिलेर सो सरकारी जग्गामा

बाँकी सातौं पृष्ठमा

## किन पशुपतिनाथमा पसे प्रचण्ड



काठमाडौं । प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पहिलोपटक पशुपतिनाथ पसेका छन् । उनी २७ जेठको साँझ पशुपतिनाथ प्रवेश गरी दर्शन गरे । पशुपतिनाथमा दर्शनपछि प्रचण्ड माला र रुद्राक्षसहित देखिएका थिए । उनी माओवादी नेता भएपछि पहिलोपटक पशुपतिनाथ प्रवेश गरेका हुन् ।

प्रचण्डको साथमा छोरी गंगा दाहाल र मन्त्रीहरु पनि पशुपतिनाथ पुगेका थिए । प्रचण्डले भारत भ्रमणका क्रममा उज्जैनस्थित महाकालेश्वरको दर्शन

बाँकी सातौं पृष्ठमा

## ओलीले कार्कीलाई देखाइदिए



काठमाडौं । कुनैबेला केपी शर्मा ओलीले विश्वास गरेर सर्वोच्च अदालतको न्यायाधीश नियुक्तिमा भूमिका खेलिदिएका थिए हरिकृष्ण काकीलाई । तर, उनै ओलीले कार्कीको प्रधान्यायधीश बन्ने सपनामा तगारा हालिदिए । कार्कीलाई रोकेको रोकै पारे । कारण हो ओलीले दुई पटक संसद विघटन गर्दा हरिकृष्ण कार्कीले साथ नदिएको विषय । यसकारण कार्कीलाई रोक्न ओली नै लागेको देखियो । खै किन हो फेरि संवैधानिक परिषद्को बैठकमा बस्न तयार भए ओली र कार्कीको नाम प्रधान्यायाधीशमा सिफारिश भयो । तर, संसदीय समितिको वाधा अड्काऊ छँदैछ ।

संवैधानिक परिषद्को बैठकमा अलमल हुँदा कार्कीको प्रधानन्यायाधीश बन्ने सपना झण्डै चकनाचुर बनाइदिएको थियो । अन्तमा उनको नियुक्तिको सिफारिश त भयो तर संसदीय सुनुवाई हुँदै गर्दा न्याय परिषद्ले अवकाशको जानकारी पत्र पठाइदियो । २० साउनमा कार्कीको ६५ वर्ष उमेरहदले अवकाश हुनेछ । उनी जम्मा ५० दिनका लागि प्रधानन्यायाधीश हुनेछन् ।

कार्कीविरुद्ध २९ वटा उजूरी परेर छलफल भयो । जसमा बहालवाला

बाँकी सातौं पृष्ठमा

## चीन दौडाहा चलेको चल्यै

काठमाडौं । चीनले लामो समय नेपालीका लागि सीमा नै बन्द गरेको थियो । सामानको आयात निर्यात ठप्प मात्र भएन मान्छेको आवागमन नै ठप्प भयो । अहिले उसले सीमा खोलेको छ । योसँगै नेपालका नेता, सुरक्षाकर्मी, कर्मचारीको चीन भ्रमण बाक्लो हुन थालेको छ । नेताहरु लामै समय चीन पुगेर घुमेर फर्कन थालेका छन् ।

शनिवार मध्यराति राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना नेतृत्वको संसदीय टोली चीन उड्यो । उनीहरु आइतवार विहान बेइजिङ पुगे । तिब्बतको ल्हासामा आयोजना हुने कार्यक्रममा सहभागी हुन तिमिल्सिना नेतृत्वको टोली चीन पुगेको जनाइएको

बाँकी सातौं पृष्ठमा

# प्रभु बैंकका सीइओ शेरचनद्वारा कमिशनको भरमा अरबौं खराब कर्जा

## निक्षेपकर्ताको रकम डुब्ने खतरा




काठमाडौं । अशोक शेरचन नेतृत्वको प्रभु बैंकबाट प्रवाह भएका अधिकांश कर्जा खराब कर्जाका रुपमा परिणत भएको तथ्य फेला परेको छ । शेरचनले स्विकृत गरेको ऋणहरु खराब नजिर भएका संस्था र व्यक्तिमा लगानी गरेको पाइएको छ । जसले गर्दा हजारौं बचतकर्ताको निक्षेप रकम डुब्ने खतरा बढेको छ ।

शेरचनले विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई १ अर्ब २० करोड कर्जा प्रवाह गरेको विषय सार्वजनिक भइसकेको छ । यसैगरी प्रभु बैंकले थप अन्य जोखिमयुक्त कम्पनीहरुलाई पनि कर्जा प्रवाह गरेको भेटिएको छ । सीइओ अशोक शेरचनले कर्जा डुब्न सक्ने जोखिमलाई आँकलन नगरी हचुवामा कर्जा प्रवाह गर्दा बचतकर्ताको अर्बौं रकम जोखिममा परेको छ ।

प्रभु बैंकबाट शिव शिखर एग्रोलाई ७५ करोड सहित भूमि इन्फ्रास्ट्रक्चर, नेपाल जनरल मार्केटिङको नाममा अरबौं कर्जा, देउराली सहकारीका अध्यक्ष रविन्द्र चौलागाईंद्वारा संचालित विभिन्न कम्पनीलाई अरबौं ऋण प्रवाह भएको तथ्य पनि सार्वजनिक भइसकेको छ । प्रभु बैंकले कर्जा प्रवाह गरेको शिव शिखर एग्रो, शिव शिखर अर्गनाइजेशन र निक्षेपकर्ताको रकम डुबाई बन्दजस्तै अवस्थामा रहेको देउराली सहकारीका अध्यक्ष चौलागाईंका विभिन्न कम्पनी र उनी चढ्न तिनवटा करोडौं पर्ने गाडीसहित गरी अरबौं ऋण प्रवाह गरेको संस्थाहरुका सञ्चालकहरु यतिबेला कोही फरार छन् भने कोही हिरासतमा छन् भने कोही गुमनाम अवस्थामा बसेका छन् ।

प्रभु बैंकबाट ७५ करोड रकम लगानी भएको शिव शिखर एग्रोकी सञ्चालक गिता शर्मा हुन्, उनी यतिबेला

बाँकी सातौं पृष्ठमा

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

CTEVT बाट मान्यता प्राप्त यस शंकरापुर एकेडेमीमा, SEE परीक्षा दिएर बस्नुभएका सम्पूर्ण विद्यार्थीहरुलाई ३ बर्षे HA, LAB, Nursing, Pharmacy, Radiography लगायतका विभिन्न विषयका प्रवेश परीक्षाको तयारी कक्षाहरु संचालन हुने भएकोले समयमै सम्पर्क राखि आफ्नो स्थान सुरक्षित गर्नुहुन अनुरोध गरिन्छ ।

हाम्रो विषेशताहरू:

- Scholarship प्रदान गरिने Send Up Toppers, दलित, जनजाति र पिछडिएकाको लागि ।
- अनुभवी तथा दक्ष शिक्षकहरु
- सुविधा सम्पन्न यथेष्ट कक्षाकोठाहरु
- CTEVT लगायत विभिन्न मान्यता प्राप्त Board का Model–Tests हरु
- हप्ताको एक दिन Test कक्षा संचालन
- दैनिक ३ घण्टा कक्षा संचालन
- हरेक हप्ता विद्यार्थीको पढाईको Evaluation & Feedback

यस शंकरापुर एकेडेमीमा CTEVT द्वारा मान्यता प्राप्त ३ वर्षे डिप्लोमा कोर्षहरु : HA / Lab / Nursing / Pharmacy / Radiography उपलब्ध छन् ।

Note: साथै विद्यार्थीहरुलाई यस ३ वर्षे डिप्लोमा कोर्ष पश्चात स्नातक तहमा कुन डिप्लोमा कोर्ष पछि कुन कोर्ष पढ्न पाईने जानकारी यस प्रकार गरिएको छ ।

Our Programs

- Diploma in Pharmacy (D. Pharm)
- Diploma in General Medicine (HA)
- Certificate in Medical Lab Technician (CMLT)
- Diploma in Nursing (PCL Nursing)
- Diploma in Radiography

4 Years Bachelors Course

- B. Pharm
- MBBS
- BMLT
- BN
- BMIT

शंकरापुर एकेडेमी प्रा. लि.

सातदोबाटो, ललितपुर

फोन नं: ०१-५५५५५५३,५५५५५५०,९८४३२३३३६७

"गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता"

का.जि.का.द.नं. ५३/०५४/०५५

www.khojtalasnews.com
खोजतलास
राष्ट्रिय साप्ताहिक

# जण्डिस भएमा मुख बार्नु पर्छ कि पर्दैन ?

आँखा र हातखुट्टामा पहेंलोपन देखिएमा जण्डिस भएको बुझिन्छ । शरीरमा बिलुरुविनको मात्रा बढी भएमा आँखा र हातखुट्टामा पहेंलोपन देखिन्छ । जण्डिस कुनै रोग नभई विभिन्न रोगले देखाउने एक संकेत मात्रै हो ।

जण्डिस देखिने बित्तिकै मानिसहरु मुख बार्नुपर्ने कडा खालको रोग हो भनेर डराउँछन् । तर यो कुनै गम्भीर रोग होइन ।

शरीरमा बिलुरुविनको मात्रा २.५ भन्दा बढी भयो भने आँखादेखि शरीरका विभिन्न भाग पहेंलो हुन्छ । रगतमा भएको हेमोग्लोबिनमा कुनै कारण अवरोध आएपछि कलेजोमा पुगेर बिलुरुविन बन्छ । बिलुरुविन कलेजोले छानेपछि शरीरबाट बाहिर निस्कन्छ । तर कुनै कारणले रगतबाट कलेजोमा प्रवेश नगर्दा वा कलेजोले छान्ने नगर्दा शरीरमा यसको मात्रा बढ्छ र जण्डिस निम्त्याउँछ ।

**के कस्ता रोगमा जण्डिस देखिन्छ ?**

हेपाटाइटिस हुँदा जण्डिसलाई लक्षणको रुपमा देखाउँछ । हेपाटाइटिस ए, बी, सी, डी र ईमध्ये हेपाटाइटिस ए र ई प्रदूषित खाना र दूषित पानीले सर्छ भने बी, सी र डी रगतको संक्रमणबाट सर्छ । यस्तो अवस्थामा कलेजो सुन्निन्छ । र, संकेत जण्डिसको पनि देखिन्छ । अत्यधिक रक्सी पिउने व्यक्तिको कलेजो सुन्निएर पनि जण्डिस देखिन सक्छ ।



त्यस्तै पित्तनली सुन्निने वा उक्त नली आन्द्रासम्म पुग्न नसक्ने अवस्थामा, पित्तनली क्यान्सर, लिभर सिरोरिस, कलेजोमा पिप जमेमा, खाना पचाउने नली सुन्निएमा, आमाशयको क्यान्सर, क्षयरोगको औषधि सेवन, सिटामोल धेरैखालको स्वास्थ्य समस्यामा प्रयोग गर्दा, जथाभावी आयुर्वेदिकको नाममा औषधि सेवन गर्दा कलेजो सुन्निन्छ, जसले जण्डिस देखा पर्छ ।

जण्डिस आफैंमा एक लक्षण हो । त्यसैले के कारणले जण्डिस भयो सोहीअनुसार लक्षण देखाउँछ । जस्तै, भाइरल हेपाटाइटिस हो भने बान्ता आउने, खानामा अरुचि, दाहिने कोखा दुख्ने, आँखाको सेतो भाग पहेंलो हुने र पानी पिउन मन नलाग्ने हुन्छ । हेपाटाइटिस ए र ई भएमा जीउ दुख्ने, ज्वरो आउने हुन्छ ।

क्यान्सरले जण्डिस भएका बिरामीमा तौल घट्ने, वाकवाकी लाग्नेजस्ता लक्षण देखिन्छ । त्यसबाहेक खाना नरुच्ने, शरीर कमजोर हुँदै जाने, पेट दुख्ने, पिसाब पहेंलो देखिने र आँखाको सेतो भाग पहेंलो हुने जण्डिसका लक्षण हुन् ।

जण्डिस शिशुदेखि वृद्धसम्ममा देखिन सक्छ । तर सबैभन्दा बढी पाँचदेखि १० वर्षसम्मका बालबालिकामा जण्डिस देखिने सम्भावना हुन्छ । यसको कारण दूषित पानी र अस्वस्थकर खानेकुराले हेपाटाइटिस ए र ई हुनु हो । दूषित पानी पिउने वयस्कहरुमा पनि जण्डिस देखिने सम्भावना हुन्छ । यद्यपि सचेतना बढेसँगै बिरामीको संख्या कम हुँदै गएको छ ।

आँखा पहेंलो भएमा सबैभन्दा पहिला शरीरको बिलुरुविनको मात्रा जाँच हुन्छ । त्यसपछि भिडियो एक्स-रेबाट कुन रोगको कारण जण्डिस संकेतको रुपमा देखिएको हो भन्ने पत्ता लगाइन्छ । हेपाटाइटिसको शंका भएमा त्यसको पनि परीक्षण गरेर पत्ता लगाउन सकिन्छ ।

जण्डिसको विशेष खालको उपचार पद्धति छैन । के कारणले जण्डिस भएको सोहीअनुसार उपचार प्रक्रिया अघि बढ्छ । हेपाटाइटिस ए र ई स्वस्थकर खानपान गरेमा आफैं ठीक हुन्छ । पित्तनलीमा पत्थरी भएमा त्यसलाई निकाल्ने, क्यान्सर भएमा त्यसको चरणलाई मध्यनजर गर्दै सम्भव भए शल्यक्रिया गर्ने गरिन्छ ।

त्यस्तै, कुनै औषधिको कारण जण्डिस भएको हो भने औषधि बन्द गर्दा स्वतः कम हुँदै जान्छ । हेपाटाइटिस बी र सी भएमा अस्पतालमा उपचारसँगै चिकित्सकको निर्देशनअनुसार औषधि खाएर मात्र निको हुन्छ । हेपाटाइटिस बी देखिएमा दुई वर्षसम्म र सी भएमा दुई महिनाको अवधिमा ठीक हुन्छ ।

नवजात शिशुमा जण्डिस भएर उपचार गराइएको छैन वा लामो समयसम्म जण्डिस भएमा उनीहरुको दिमागमा असर गर्न सक्छ । त्यस्तै, अन्य समूहमा मुख्य कारण पत्ता नलगाई आयुर्वेदिक औषधि जथाभावी खाँदा कलेजो फेल हुन सक्छ । जसले ज्यान समेत जोखिममा पर्छ ।

नेपाली समाजमा बिरामी हुने बित्तिकै पहिलो प्रश्न नै मुख बार्नुपर्छ ? भन्ने हुन्छ । तर रोग लाग्ने बित्तिकै मुख बार्ने गर्नु हुँदैन । सबैभन्दा बढी जण्डिसमा मुख बार्ने चलन छ । जण्डिस हुने बित्तिकै मुख बार्नु पर्दैन । खानेकुरामा दाल, भात, तरकारी, फलफूल अमिलो, पिरो, चिल्लो, नुन, तेल, बेसार र मसला सबै सन्तुलित मात्रामा खान सकिन्छ । तर तारेको, बोसोयुक्त खानेकुराले कलेजोको पित्तलाई असर गर्ने हुँदा नखानु राम्रो हुन्छ । त्यससँगै जण्डिसमा पहेंलो रंगको खानेकुरा खानु हुँदैन भन्ने गलत धारणा छ । पहेंलो खानेकुराले कुनै किसिमको हानि गर्दैन । त्यससँगै अनावश्यक बिना परीक्षण औषधि खानु हुँदैन ।

अर्को भ्रम के छ भने नवजात शिशु वा आमालाई जण्डिस भए आमाको दूध खुवाउनु हुँदैन भनिन्छ । आमालाई पनि मुख बार्न लगाइन्छ, जुन गलत हो । आमाको दूध जति पोषिलो खानेकुरा अन्य हुन सक्दैन । दूधबाट शिशुमा जण्डिस सर्दैन ।

जण्डिसबाट बच्न कलेजोलाई स्वस्थ राख्न जरुरी छ । दूषित पानी, अस्वस्थकर खानेकुरा, रक्सी नखाने, जथाभावी औषधि नखाने र सुई प्रयोग नगर्ने, परीक्षण नगरिएको रगत नचढाउने गरेमा धेरै हदसम्म जण्डिसबाट बच्न सकिन्छ । एजेनसीको सहयोगमा

# मासु किन ढिलो पच्छ ?

मासु भनेपछि नलोभिने को नहोला र ? विवाह, पार्टी, भोजभतेर मासुका परिकारबिना अपूरोजस्तै मान्ने धेरै छन् । मासु पौष्टिक तत्वले भरिपूर्ण परिकार पनि हो, तर पच्न भने धेरै समय लाग्छ ।

मासुमा बोसो (फ्याट), प्रोटिन, मिनिरल्स, खनिजजस्ता तत्व पाइन्छन् । मासुमा प्रोटिन धेरै पाइने भएकाले खाएको धेरै समयसम्म पेटमा रहिरहन्छ । किनकि कार्बोहाइट्रेटयुक्त खानेकुराको तुलनामा प्रोटिन भएको खानेकुरा पच्न धेरै समय लाग्छ । सजिलो गरी बुझ्दा मासु पच्न समय लाग्ने होइन, बोसो पच्न समय लाग्ने हो । कार्बोहाइड्रेट, फाइबरयुक्त खाना खाएको केही घण्टामा पच्ने गर्छ भने मासुमा भएको बोसो पचाउन कलेजोबाट एउटा छुटै पित्त सानो आन्द्रामा आएपछि मात्र पच्छ ।

मासुका पनि विभिन्न प्रकार हुन्छन् । कलिलो, कडा, हड्डी धेरै भएको, बोसो धेरै भएको हुन्छ मासु । कलिलो खसी, बोका वा राँगाको मासु पचाउन अलि सजिलो हुन्छ भने कडा, रेसादार, रातो मासु पच्न धेरै समय लाग्छ ।

खसी, राँगाको मासु रातो मासुअन्तर्गत पर्छ भने कुखुरा, माछा सेतो मासुअन्तर्गत पर्छन् । खरायोको मासु सबैभन्दा चाँडै पच्छ । किनकि यो एकदम नरम हुन्छ । यसबाहेक कुखुराको मासु र माछा पचाउन सहज हुन्छ ।



**मासु पकाउने तरिका**

मासु पनि धेरै किसिमले बनाएर खान मिल्छ । पोलेर, तारेर, उसिनेर, फ्राइ, झोल बनाएर, ग्रेभी बनाएर खान मिल्छ । सामान्यतः मासु पोलेर, तारेर, फ्राइ गरेर धेरै खाने चलन छ । तर यस्तोभन्दा उसिनेर खानु स्वस्थ्यको लागि फाइदाजनक हुन्छ । यो पचाउन पनि सजिलो हुन्छ । किनकि उसिनेको मासुमा भएको बोसो पग्लिने र तेललगायत मसलासमेत कम हुने हुँदा शारीरिक रूपमा फाइदाजनक देखिन्छर । पोलेर फ्राइ गरेर खाँदा मासु राम्रोसँग नपाकेको पनि हुन सक्छ । र पोलेको मासुको भित्री भाग राम्रोसँग नपाक्न चपाउन गाह्रो हुने हुन्छ । जसले गर्दा आमाशयमा ठूलो टुक्रा मासु भएपछि पचाउन ढिलो हुन्छ । मासुको टुक्रा स-सानो बनाएर सुपजस्तै गरी पकाएर खाएमा झनै पचाउन सजिलो हुन्छ ।

**चपाउने प्रक्रिया**

मासु वा अरु खानेकुरा कसरी चपाएर खाइन्छ भन्ने कुराले पाचन प्रक्रियामा फरक पार्छ । यदि मासु खाँदा मुखमा धेरैबेर चपाएर खाएमा पचाउन सजिलो हुन्छ भने राम्रोसँग नचपाइ ठूलो टुक्रा नै निल्दा पचाउन समय सक्छ ।

**समय अनुकूल नभए**

नेपाली समाजमा मासुजस्ता 'हेभी' खानेकुरा बेलुका खाने चलन छ, जुन गलत हो । बेलुका मासु खाँदा शारीरिक रुपमा सक्रियता नहुने भएकाले पच्न निकै समय लाग्छ । त्यसैले राम्रोसँग पचाउनका लागि बिहान वा दिउँसो मासु खानु राम्रो हुन्छ । यदि बेलुका खानैपरे खाएको तीन घण्टापछि मात्रै सुत्दा पचाउन केही सहज हुन्छ ।

**पाचन क्षमता**

मासु कसत समयमा पच्न भन्ने कुरा व्यक्तिको पाचन क्षमतामा पनि भर पर्छ । पाचन क्षमता बलियो भएको मानिसको तुलनामा कमजोर हुनेहरुलाई मासु पचाउन गाह्रो हुन्छ । सामान्यतया बालबालिका र वृद्ध उमेरका व्यक्तिको पाचन क्षमता कमजोर हुने भएकाले उनीहरुले मासु कम खानु राम्रो हुन्छ ।

सामान्यतया मासु बालबालिका र वृद्धवृद्धाले पाचनप्रक्रिया कमजोर हुने भएकाले उनीहरुले मासुजन्य परिकार कम सेवन गर्दा उपयुक्त हुन्छ । धेरै खाएमा नपचेर कब्जियत, पेट गडबडी हुने र मलद्वारमा समेत समस्या हुन सक्छ ।

पाचनशक्ति कमजोर हुनुमा रोगको पनि भूमिका हुन्छ । दीर्घरोगी, पेट, आन्द्रा, कोलोस्टेरोल भएका व्यक्तिको अन्यको तुलनमा पाचन क्षमता कमजोर हुन्छ । उनीहरुलाई मासु पचाउन निकै गाह्रो पर्न सक्छ । त्यसैले रोगी मानिसले सन्तुलित रुपमा मासुका परिकार खानु उत्तम हुन्छ ।

**कति खाने मासु ?**

नेपाली समाजमा मासुलाई सन्तुलित रुपमा खाने गरेको खासै पाइँदैन । नखाँदा धेरै समय नखाने र खाए एकैचोटि धेरै खाने बानीले समस्या ल्याउँछ । त्यसैले एक सामान्य व्यक्तिले एक दिनमा १०० ग्राम मासु खानु उपयुक्त हुन्छ । एजेन्सीको सहयोगमा





HECAF-NEPAL
मिर्गौला बचाऔं अभियान
SUMERU HOSPITAL

मिर्गौला बचाऔं अभियान
तपाईंको दान हाम्रो काम

उद्देश्यहरु
१) मिर्गौला सम्बन्धी जनचेतना जगाउने ।
२) निशुल्क मिर्गौला परीक्षण शिविरहरु विभिन्न स्थानमा संचालन गर्ने ।
३) मिर्गौला रोग उपचारमा सहयोग पुऱ्याउने ।

रु. ५०० योगदान गरी मिर्गौला बचाऔं अभियानको सहयोगी बनौं ।

डा. ऋषि कुमार काफ्ले
वरिष्ठ मिर्गौला रोग विशेषज्ञ
मिर्गौला बचाऔं अभियानका अभियन्ता

## मिर्गौला स्वस्थ राख्न के गर्ने ?

- नियमित व्यायाम गरौं । कम्तिमा दिनमा १० हजार पाईला हिंडौं ।
- पिसाव २ देखि ३ लिटर हुने गरी झोल पदार्थ पिउने बानी बसालौं ।
- सुर्ती, खैनी, चुरोटको अम्मल पटक्कै नगरौं ।
- दुखाई कम गर्ने कडा औषधी सकेसम्म कम लिने गरौं ।
- उचाई बमोजिमको तौल राखौं ।
- स्वस्थकर खाना खाने बानी बसालौं बढी चिनी, बढी नुन नखाऔं ।
- रक्तचाप ठीक राखौं, नियमित नापौं र चिकित्सकको सल्लाह लिने गरौं ।
- मधुमेहका बिरामीले चिनीको मात्रा ठीक राखौं, समय समयमा जचाउने गरौं ।

वर्षमा एक पटक रगतमा क्रियाटिनिन र पिसावमा प्रोटिन (अल्बुमिन) जाँचेर ढुक्क होऔं । रोग देखापरेमा समयमै उपचार गरौं ।

एक जनाको मिर्गौला बिग्रनबाट जोगाएमा लाखौं जोगिन्छ, सय जनाको जोगाएमा करोड र हजार जनाको जोगाएमा अरब जोगिन्छ ।

## मिर्गौला बचाऔं अभियान

वनस्थली, काठमाडौं, नेपाल, फोन: ४३६३४५२, ४३६०८८९ एक्सटेन्सन ५००
सिधा सम्पर्क: ९८६३३३०३८०

मिर्गौला बचाऔं अभियानको ग्लोबल आई एम ई खाता नम्बर:
१००१०१००००५६२
मिर्गौला बचाऔं अभियानको सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. खाता नम्बर:
1YS-21077 (१ वाई एस-२१०७७)


खोजतलास मिडिया प्रा.लि.का लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **भरत महर्जन**, निर्देशक : **अमिता लक्ष्मी श्रेष्ठ (सैंजु)**, प्रधान सम्पादक **राजु बस्नेत**, सम्पादक : **शशी कोइराला**, कार्यकारी सम्पादक : **रुपक शाक्य**
कार्यालय : सातदोबाटो, ललितपुर, फोन : ०१५५५५५५५ इमेल : khojtalashdainik@gmail.com, वेबसाइट : www.khojtalashonline.com, मुद्रक : ई. प्रेस प्रा.लि., शान्तिनगर–३१

# स्मार्ट सेल लिलाम गर्ने र एनसेलसँग मर्ज गराउने खेल हुँदै

काठमाडौं । दूरसञ्चार माफियाहरूको स्वार्थमा दूरसञ्चार ऐन २०५३ ऐन संशोधन गर्ने चलखेल भित्रभित्रै अहिले पनि जारी छ । उक्त ऐन संशोधन गरी स्मार्ट सेललाई लिलाम गर्ने खेलमा एनसेल लागिरहेको छ । स्मार्ट सेल लिलाम गर्ने र एनसेलसँग मर्ज गराउने खेल जारी छ ।

स्मार्ट सेललाई एनसेलसँग मर्ज गराएर उसको लाइसेन्स अवधि लम्ब्याउने खेल अन्तर्गत नै दूरसञ्चार सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७९ को प्रस्ताव गरिएको हो । एनसेलको २५ वर्षे लाइसेन्स अवधि २०८५ को भदौमा समाप्त हुँदैछ ।

स्मार्टसेल लिलाम गर्ने र एनसेलमा मर्ज गराउन चलखेल भएको बिषय मिडियाले उठाएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले तत्काल त्यो बिषय रोकेका छन् । तर, भित्रभित्रै एनसेललाई पोस्नका लागि दूरसञ्चार कानुन संशोधन गर्ने चलखेल जारी रहेको सूचना प्रविधि मन्त्रालय स्रोत बताउँछ ।त्यसका लागि संचार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले एनसेलको लगानीकर्ता कम्पनी अजियटामा कार्यरत भुपेन्द्र भण्डारीलाई मन्त्रालयको सल्लाहकारकै रुपमा राखेकी छिन् । दूरसञ्चारसम्बन्धी सबै बिषयमा भण्डारीकै रोडम्यापमा मन्त्री शर्मा चल्ने गरेकी छिन् ।




मन्त्रीका श्रीमान कृष्णध्वज खड्कासँग कनेक्सन मिलाएर भण्डारी संचारमन्त्रीको कोर टीममा छन् । मन्त्रीलाई नै सल्लाह दिने ठाउँमा एनसेलका कर्मचारी राखिसकेपछि स्मार्टसेलसँग मर्ज गरी अबधि बढाउने खेल रोक्न कसले सक्ने ? संचार मन्त्रालयका अधिकारीका अनुसार अफ्रिकाको बुरुन्डीमा रहेको अजियटा कम्पनीका कर्मचारी हुन् भुपेन्द्र भण्डारी ।

संचारमन्त्री शर्मा र उनका पति कृष्णध्वजले भण्डारीलाई नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष बनाउने योजनामा ल्याएको स्रोत बताउँछ । एनसेलकै डिजाइनमा उनलाई दूरसञ्चारसम्बन्धी नियमन गर्ने प्राधिकरणको अध्यक्ष बनाउने तयारी पनि मन्त्री शर्माले गरेकी थिइन् ।

तर, हालका अध्यक्ष पुरुषोत्तम खनालको कार्यकाल १ वर्ष बाँकी रहेकाले अदालतमा मुद्दा पर्ने संभावनालाई दृष्टिगत गरी भण्डारीलाई तत्काल नियुक्ति नगरिएको स्रोत बताउँछ । प्राधिकरणमा नियुक्त गर्ने संभावना तत्काल नभएपछि मन्त्री शर्माले उनलाई सल्लाहकार बनाएकी हुन् ।

यो विधेयक पास भएको खण्डमा राज्यले ३० अर्ब रुपैयाँ गुमाउने छ भने, प्रधानमन्त्री, मन्त्री, प्रतिपक्षी दलका नेताहरूले केही करोड रुपैयाँ चन्दावापत प्राप्त गर्नेछन् । प्रमुख प्रतिपक्ष एमालेसमेत यति ठूलो नीतिगत भ्रष्टाचार काण्डमा रहस्यमय तरिकाले मौन बसेको छ ।

स्मार्ट सेल लिलामीमा लैजाँदा स्मार्टसँग उठाउनुपर्ने राजस्व डुब्ने पक्का छ । एनसेलको लाइसेन्स अवधि सन् २०२९ मा सकिँदै छ । त्यसअघि नै स्मार्टको स्वामित्व सरकारी लिलाममार्फत् लिने चलखेल गरिरहेको छ । स्मार्ट सेल स्थापना गर्नुको पछाडि पनि यही नियतले काम गरेको देखिन्छ ।

राज्यलाई ठग्ने उद्देश्यले स्थापित स्मार्ट सेलको दूरसञ्चार प्राधिकरणले १३ साउन २०७६ मा लाइसेन्स खारेज गरिदिएको थियो । तर, २१ पुस २०७६ तत्कालीन प्रधानमन्त्री ओलीले सो निर्णय उल्ट्याउँदै पाँच किस्तामा बक्यौता भुक्तानी गर्ने सुविधा स्मार्ट टेलिकमलाई दिएका थिए । यसबाट पनि ओली र आचार्यको भित्री साँठगाँठ स्पष्ट हुन्छ ।

विद्यमान दूरसञ्चार ऐन २०५३ अनुसार लाइसेन्स अवधि समाप्त भएसँगै एनसेल नेपाल सरकारको स्वामित्वमा आउनुपर्ने हो । त्यहीँ प्रयोजनका लागि दूरसञ्चारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७९ को प्रस्ताव गरिएको हो ।

मन्त्रिपरिषद्ले बिधेयक बनाउने निर्णय गरिसकेको छ । नयाँ ऐनमा एनसेललाई पनि एकीकृत कारोबारको अनुमति दिने र स्मार्ट सेलसँग मर्ज गराएर उसको लाइसेन्स अवधि लम्बाउन खोजिएको छ । जबकी, एनसेलको २५ वर्षे लाइसेन्स अवधि २०८५ को भदौमा समाप्त हुँदैछ ।

# बेर्लुस्कुनीको प्रेम, सेक्स अनि रोमान्स

काठमाडौं । सिल्भियो बेर्लुस्कुनीको जीवन रोमान्समै बित्यो । राजनीतिलाई विभिन्न रङ्ग दिन माहिर थिए उनी । सधैं विवादमा रहे तर इटालीको प्रधानमन्त्रीको रुपमा चारपटक चुनिए । बेर्लुस्कुनी अर्बपति थिए । उनीमाथि कर छलीको आरोप लाग्यो । जसका कारण प्रधानमन्त्री पद नै गुमाए । उनीमाथि कम उमेरका युवतीहरुसँग यौन सम्बन्ध राखेको आरोप पनि लाग्यो । मोरक्कोकी एकजना किशोरीसँगको यौन सम्बन्धले बेर्लुस्कुनी निकै विवादमा परे । उनी महिलाहरुप्रति नकारात्मक शब्दहरु बोलेर विवादमा आए ।

बेर्लुस्कुनीको सम्बन्ध कठोर शासकहरुसँग भयो । उनी रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका नजिकका मित्र बने । पुटिनले बेर्लुस्कुनीलाई सच्चा मित्र भनी श्रद्धाञ्जली व्यक्त गरेका छन् । उनी कसैसँग नडराउने स्वभावका थिए । उनलाई इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनीले सबैभन्दा माथिका लडाकु भनेकी छिन् । बेर्लुस्कुनीले फुटबलमा पनि लगानी गरेका थिए । उनी मालिक रहँदा एसी मिलानले च्याम्पियन्स लिग जितेको थियो । सोमवार १२ जूनमा ८६ वर्ष पुग्दा बेर्लुस्कुनी सँसारबाट बिदा भए । उनी राजनीतिज्ञ, व्यवसायी, खेल क्षेत्रका लगानीकर्ता, रोमान्सका बादशाहका रुपमा परिचय बनाएर गए ।

# यसरी चार बालबालिका ४० दिन जंगलमा बचे

काठमाडौं । कोलम्बियाको जंगलमा विमान दुर्घटना भएको ४० दिनपछि चार बालबालिका जिवितै भेटिएका छन् । उनीहरु दुर्घटनामा बाँचेर बाक्लो जंगलमा लामो यात्रा गरेर जोगिएको खुलेको छ । कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रोले यो घटनालाई चमत्कार भनेका छन् । चारैजना बालबालिका आदिवासी समुदायका हुन् र शुक्रवार फेला परे ।

कोलम्बियाको काकिटा र गुआभिआरे प्रान्तमा बालबालिका भेटिए जहाँ नजिकै सानो विमान दुर्घटना भएको थियो । मे १ मा विमान दुर्घटना भएको थियो । जसमा यात्रा गरिरहेका बालबालिकाकी आमा र एकजना पाइलटको ज्यान गएको थियो । फेला परेका बालबालिकाहरु १३, ९, ४ वर्षका तीनजना र एक १२ महिनाका छन् । बालबालिकाहरु सानैदेखि जंगलबारे जानकार थिए । जसका कारण उनीहरुले आफूलाई जोगाउन सके ।

# आईजीपी निरीह बन्दै
## शक्तिकेन्द्रसँग हिमचिम गर्दै प्रहरी अधिकारी



काठमाडौं । प्रहरी प्रधान कार्यालयभित्रै प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवर निरिह देखिएपछि प्रहरी अधिकारीहरु शक्तिकेन्द्रसँग हिमचिम र चलखेल गर्न थालेका छन् ।

केही दिन अगाडि इन्सपेक्टरबाट डिएसपी बढुवामा त्यस्तो चलखेल प्रष्टरुपमा देखिएको थियो । बढुवा समितिका सदस्यसचिव रहेका एआइजी सन्दीप भण्डारीले सो बढुवामा खुल्लम खुल्ल रुपमा शक्तिकेन्द्रसँग हिमचिम गर्दै चलखेल गरेको स्रोतले दाबी गरेको छ ।

४६ पदमा एक सय ४४ इन्सपेक्टरबीच प्रतिस्पर्धा भएकाले डिएसपी बढुवामा यसपटक अनेक खेल भयो । जसको फाइदा केही बिचौलियाले उठाएका छन् ।

एआइजी भण्डारीले पनि गृहमन्त्री नारायणकाजी श्रेष्ठका दाई मानकाजी श्रेष्ठसँग मिलेर चलखेल गरेको स्रोत बताउँछ । बढुवाका आकांक्षी इन्सपेक्टरहरूलाई मानकाजीसँग भेटाउँदै उनले डिल गराएको चर्चा प्रहरी प्रधान कार्यालयमा छ । जसकारण डिएसपी बढुवा विवादित बनेको छ । केही बदनाम र इन्सपेक्टरमै अकुत कमाइसकेका अधिकृतहरू समेत सूचीमा पर्दा केही इमान्दार र क्षमतावान अधिकृतहरू छुटेका छन् । सधैं शक्तिकेन्द्रको चाकडी गर्ने तर कार्यक्षमतामा निकै कम्जोर रहेका इन्सपेक्टरहरू बढुवाको अग्रसूचीमा परेका छन् ।

सरुवामा पनि प्रहरी प्रधान कार्यालयभित्रै त्यस्तै चलखेल भएको छ । पाँच महिनाअघि इन्चार्जमा गएका इन्सपेक्टरहरुलाई हटाइने भन्दै उनीहरुबाट लाभ लिन एक समूह सक्रिय छ । गृहमन्त्रीको सचिवालयसँग मिलेर एआइजी भण्डारीले सरुवामा पनि चलखेल गरिरहेका छन् । जसरी गत वर्ष मञ्जु खाणले पूजा सिंहलाई मानवस्रोतमा राखेर चलखेल भएको थियो यो वर्ष त्यसैगरी भन्डारीमार्फत चलखेल भएको छ ।

त्यही चलखेलका कारण एसपी, डिएसपी र इन्सपेक्टरको नियमित सरुवा समेत निस्कन सकेको छैन । अनावश्यक काज हटाउने आइजिपीको अभियान समेत एआइजी भण्डारीकै कारण असफल हुन थालेको छ ।

# छोटो समयका लागि प्रधानन्यायाधीश बन्दै हरिकृष्ण

काठमाडौं । आगामी साउन २० गतेबाट अनिवार्य अवकाशमा जान लागेका कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की छोटो समयका लागि प्रधानन्यायाधीश बन्ने भएका छन् । जेठ ३२ गते संसदीय सुनुवाइ गरेर कायममुकायम प्रधानन्यायाधीश कार्कीलाई अनुमोदन गर्न लागिएको हो ।

सघीय संसद् संयुक्त संसद् नियमावलीमा भएको व्यवस्था अनुसार प्रस्तावित प्रधानन्यायाधीश कार्की अनुमोदन हुने पक्का छ । संसदीय सुनुवाइमा प्रस्ताव अनुमोदनको लागि बहुमत भए पुग्ने र अनुमोदन नगर्न दुई तिहाइ सदस्यको मत चाहिने भएकाले समितिमा रहेको मतको आधारमा कार्की छोटो समयको लागि प्रधानन्यायाधीश बन्ने भएको संघीय संसद् सचिवालयका प्रवक्ता सहसचिव एकराम गिरीले बताए । उनले भने, 'प्रस्तावित व्यक्ति अनुमोदन हुने-नहुने भन्ने विषय समितिले निर्णय गर्ने विषय हो । प्रस्तावित व्यक्तिसँग समेत छलफल गरिसकेपछि समितिको बैठकले नियमावली बमोजिम दुई तिहाइबाट अस्वीकृत भएन भने अनुमोदन भएको मान्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।' अनुमोदनपछि प्रधानन्यायाधीश कार्कीले आफ्नो काम नियमित रूपमा असार २० गतेसम्म मात्र गर्नेछन् । प्रधानन्यायाधीश अनिवार्य अवकाशमा जानुभन्दा १ महिनाअघि बिदामा बस्ने चलन छ ।

संसदीय सुनुवाइ हुनुअघि समितिले कार्कीविरुद्ध उजुरी आह्वान गरेको थियो । संघीय संसद् सचिवालयका प्रवक्ता गिरीले समितिमा २९ वटा उजुरी परेको र त्यसको छानबिन र अनुसन्धान भइरहेको बताए । कामु प्रधानन्यायाधीश कार्कीलाई एक बहालवाला जिल्ला न्यायाधीश डा. श्रीकृष्ण भट्टराईले प्रधानन्यायाधीशको लागि अयोग्य भनेर उजुरी गरेका छन् । बहालवाला न्यायाधीशले प्रधानन्यायाधीशविरुद्ध उजुरी दिएको यो पहिलो घटना हो । प्रधानन्यायाधीशमा प्रस्तावित कार्कीलाई उजुरी दिनेमध्ये केही व्यक्ति संसदीय सुनुवाइको लागि सिफारिस हुने सबै व्यक्तिलाई निरन्तर उजुरी दिने व्यक्तिहरू पनि रहेको प्रवक्ता गिरीले जानकारी दिए । संसदीय सुनुवाइ समितिले जेठ ३१ गते उजुरी कर्ताहरूसँग छलफल गर्ने भएको छ । यसपछि प्राप्त उजुरीमध्ये योग्य उजुरीलाई सुनुवाइको समयमा प्रश्नको रूपमा लगिने प्रवक्ता गिरीले बताए ।

संवैधानिक परिषद्ले सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीलाई भावी प्रधानन्यायाधीशमा सिफारिस गरेको थियो । संसदीय सुनुवाइ सुरु गर्न संसद्बाट सुनुवाइ समिति गठन नहुँदा लामो समय सुनुवाइ प्रभावित बनेको थियो । गत जेठ १४ गते संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति कार्यसञ्चालन नियमावली पारित भएसँगै सुनुवाइ समिति गठनको बाटो खुलेको थियो । सदनले सोही दिन समिति गठन गरेसँगै समितिले जेठ १७ गते सार्वजनिक सूचनामार्फत १० दिनको समय दिई कार्कीविरुद्ध उजुरी आह्वान गरेको थियो ।

कसैले व्यक्तिगत र कसैले संयुक्त रूपमा उजुरी दिएको समिति सचिवालयले जनाएको छ । जसमध्ये ५ उजुरी इमेलमार्फत आएका छन् भने २४ वटा उजुरी लिखित छन् । उजुरीमा कार्कीलाई प्रधानन्यायाधीशमा नियुक्ति हुन अयोग्य रहेको दाबी गरिएको छ । प्रधानन्यायाधीशमा सिफारिस भएका व्यक्तिविरुद्ध जो कोहीले पनि उजुरी दिनसक्ने व्यवस्था छ । तर बहालवाला न्यायाधीश नै आफैं उजुरी बोकेर संसदीय सुनुवाइ समितिमा पुगेको यो पहिलो घटना हो । प्रस्तावित प्रधानन्यायाधीश कार्कीविरुद्ध बहालवाला जिल्ला न्यायाधीश डा.श्रीकृष्ण भट्टराईले सुनुवाइ समिति सचिवालयमा उजुरी दिएका छन् । रोलक्रममा जुनियर कार्कीलाई राजनीतिक आडबाट बनाइ सर्वोच्च प्रवेश गराएको र अहिले प्रधानन्यायाधीशमा सिफारिस गरिएको उजुरीकर्ताहरूको आरोप छ । उनीहरूले कार्कीमा कार्य क्षमताको अभाव रहेको प्रश्न उठाएका छन् ।

कार्कीविरुद्ध संसद् विघटन मुद्दामा स्वार्थ बाझिने गरी सुनुवाइ गरेर बदनियत देखाएको आरोप छ । साथै कार्कीमा न्यायिक विचलन देखिने गरी काम गरेको आरोप समेत छ । कार्कीको शैक्षिक योग्यता कमजोर रहेको उजुरीकर्ताको आरोप छ । केही उजुरीकर्ताले भने संवैधानिक परिषद् सम्बन्धी कानुन नै रिक्त रहेको अवस्थामा प्रधानन्यायाधीशमा सिफारिस गर्नु गैरकानुनी रहेको उजुरी सचिवालयमा दिएका छन् । संवैधानिक परिषद्सम्बन्धी संशोधन विधेयक संसद्मा विचाराधीन रहेको र कानुनी रिक्तता रहेको बेला परिषद्बाट भएको सिफारिस गैरकानुनी रहेको उनीहरूको ठहर छ ।

अवैध सिफारिसलाई समितिले सुनुवाइ गर्न नमिल्ने पनि उजुरीकर्ताको उजुरीमा रहेको छ । न्याय परिषद् ऐनको दफा ३१ अनुसार ६० दिन पहिला नै पदमा नरहेको जानकारी सम्बन्धित व्यक्ति र निकायलाई दिनुपर्ने व्यवस्थाको स्मरण गराउँदै नियमअनुसार जेठ १९ गते नै कार्कीले न्यायपरिषद्बाट पदमा नरहेको जानकारी पाइसकेको र सर्वोच्च प्रशासनलाई पनि जानकारी दिइएको जिकिर उजुरीमा गरिएको छ । ऐनअनुसार पदमा नरहने चिठी पाइसकेको व्यक्ति त्यो भन्दा माथिको पदमा जान नमिल्ने कतिपय उजुरीकर्ताको भनाइ छ । १९ साउनदेखि उमेर हदका कारण अनिवार्य अवकाशमा जानुपर्ने कार्कीलाई सिफारिस गरिएको भन्दै उजुरी गरेका छन् ।

गत वैशाख २५ गते बसेको संवैधानिक परिषद्को बैठकले सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश कार्कीलाई प्रधानन्यायाधीशमा प्रस्ताव गरेको थियो । संसदीय सुनवाइ समितिले प्रस्तावित प्रधानन्यायाधीशको नाम अनुमोदन गरेपछि राष्ट्रपतिले प्रधानन्यायाधीशमा नियुक्त गर्ने संवैधानिक व्यवस्था छ । संसदीय सुनवाइ समितिको सोमवार सिंहदरबारमा बसेको बैठकले प्रधानन्यायाधीशमा प्रस्तावित कार्कीको सुनुवाइ जेठ ३२ गते गर्ने र र त्यसै दिन सो प्रस्तावलाई अनुमोदन गर्ने लगायतको कार्यतालिका परिमार्जनसहित पारित गरेको छ । कार्यतालिकामा उजुरीकर्ताहरूसँग छलफलका लागि जेठ ३१ गते बुधवार बिहान ११ बजेको समय तोकिएको छ ।

# ललितपुर महानगरका सबै मुख्य सडकमा एक वर्षभित्र स्मार्ट लाइट

ललितपुर। । ललितपुर महानगरपालिकाले आगामी एक वर्षभित्र सबै मुख्य सडकमा स्मार्ट लाइट राख्ने तयारी गरेको छ । २०८१ असार भित्र मुख्य चोकहरुमा १२ वटा 'हाइमास्ट लाइट' र सडकहरूमा 'स्मार्ट स्ट्रिट लाइट' राखिसक्ने महानगरले जनाएको हो ।

महानगरपालिकाले स्मार्ट लाइट जडानको कार्यक्रम आर्थिक वर्ष २०७८/७९ को बजेटमै राखेको थियो । तर, सो आवमा जडान भने हुन सकेन । सो वर्षको योजना बमोजिम चालु आर्थिक वर्षको असारसम्म १२ वटा चोकमा हाइमास्ट स्मार्ट बत्ती जडान गरिसक्ने महानगरपालिकाले जनाएको छ । तीमध्ये चारवटा चोकमा बत्ती जडान भइसकेको महानगरपालिकाले जनाएको छ । स्मार्ट स्ट्रिट लाइट राख्ने काम आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने तयारी महानगरले गरेको छ । महानगरका अनुसार विद्युत प्राधिकरणसँगको सहकार्यमा हाइ मास्ट स्मार्ट सडक बत्ती जडान गरेको जनाएको छ ।

पुल्चोक क्याम्पस, पुल्चोकस्थित महानगरपालिकाको भवन अगाडि, जावलाखेल र लगनखेलमा यो बत्ती जडान भइसकेको महानगरपालिकाका पूर्वाधार महाशाखा प्रमुख वरिष्ठ इन्जिनियर श्रीकुमार महर्जनले जानकारी दिए ।

महानगर प्रमुख चिरीबाबु महर्जनले महानगरलाई उज्यालो बनाउने अभियानअन्तर्गत स्मार्ट सडक बत्ती जडान गरिएको बताए । उनले भने, 'बत्तीले टाढासम्म उज्यालो दिन्छ भनेर चोक चोकमा राखेका हौं । यसले ६० देखि १०० मिटर क्षेत्रसम्म प्रकाश छर्ने छ ।' १६ मिटर अग्लो पोलमा हाइ मास्ट स्मार्ट सडक बत्ती जडान गरिएको महर्जनले जानकारी दिए ।

महर्जनका अनुसार कुपन्डोलस्थित बागमती पुल, पुल्चोक, लगनखेल चोक बसपार्क, बटुक भैरब मन्दिरअगाडि, बुङमती बसपार्क, शंखपार्क शंखमुल, ठाडोढुंगा चोक, धोबीघाट ढुंगेधारा, महालक्ष्मी स्थानमा रहेको महालक्ष्मी मन्दिरमा बत्ती जडान गर्न लागिएको छ । एक साताभित्र सबै चोकमा हाइमास्ट स्मार्ट सडकबत्ती जडान भइसक्ने उनले बताए ।

ललितपुर महानगरपालिकाले पहिलो चरणमा चक्रपथ भित्र कोर सिटीमा ६ सय ६९ वटा स्मार्ट लाइट जडान गरिसकेको छ । चक्रपथ बाहिर थप १ हजार ४ सय स्मार्ट स्ट्रिट लाइट राख्ने महानगरको भनाइ छ । चक्रपथभित्रको 'कोर एरिया' मा स्मार्ट लाइट दुई वर्ष अगाडीदेखि नै जडान गरेको महानगरले तीनवटा रुटमा ६ सय ६९ वटा स्मार्ट लाईट सञ्चालन गर्दै आएको छ । बाग्मती पुलबाट जावलाखेल लगनखेल हुँदै सातदोबाटोसम्म, हिमालय होटेल, पाटनढोका, अशोक हल, क्वाल्खु हुँदै मंगलबजार, लगनखेलसम्म, पुल्चोक महानगरपालिका कार्यालयबाट मंगलबजार हुँदै ग्वार्कोसम्म सडकबत्ती जडान भइसकेका छन् । स्मार्ट सडक बत्ती जडानका लागि प्राविधिक सहयोग तथा निरीक्षण नेपाल विद्युत प्राधिकरणले गरेको हो ।

महानगरले चक्रपथबाहिरका वडाहरु सुनाकोठी, बुङमती, खोकना, हरिसिद्धि, भैँसीपाटी, धापाखेलमा स्मार्ट सडकबत्ती जडान भएको जनाएको छ । ललितपुर महानगरका मेयर महर्जन भन्छन्, 'धेरै जसो ठाउँमा बत्ती जडानको काम सकिएको छ, कुनै कुनै ठाउँमा प्राविधिक कुरा मिलाउनुपर्नेछ, दुई साताभित्र यो काम पनि समाप्त हुन्छ ।'

महानगरपालिकाले यो सडक बत्तीलाई कम्प्युटरको सहायताले सर्भर रुमबाट नियन्त्रण गरिने जनाएको छ । 'पोलैपिच्छे बत्ती निभाउन, बाल्न र बत्तीको पावर कम गर्न बत्ती जडान भएको ठाउँमा आउनुपर्दैन, सर्भर रुमबाट नै गर्न सकिन्छ । सडक बत्ती बालेबापतको शुल्क मिटरबाट रिडिङ गरिने व्यवस्था हुन्छ । उक्त मिटरमा उठेको शुल्क महानगरपालिकाले भुक्तानी गर्नेछ,' महानगरपालिका इन्जिनियर महर्जनले बताए ।

ललितपुर महानगरले चक्रपथमा पनि स्मार्ट सडक बत्ती जडान गर्ने भएको छ । महानगरले विद्युत प्राधिकरण र सडक विभागसँग सहकार्य गरी महानगरभित्र पर्ने चक्रपथ खण्डमा स्मार्ट सडक बत्ती जडान गर्न लागेको हो । बत्ती जडानका लागि समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ । महानगरले आगामी आर्थिक वर्षको बजेटमा समेत रकम विनियोजन गरी स्मार्ट लाइट जडान गर्ने कामलाई निरन्तरता दिने जनाएको छ ।

**हार्दिक श्रद्धाञ्जली**



**स्व. राजु अधिकारी (बुले)**

कमलपोखरी स्पोर्ट्स क्लवका बरिष्ठ उपाध्यक्ष, समाजसेवी सबैको मनमा बस्न सफल **राजु अधिकारी (बुले)** को असमायिक निधनले हामी स्तब्ध एवम् मर्माहत भएका छौं । सोकको यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सोक सन्तप्त परिवार जनप्रति धैर्यधारणा गर्न सक्ने शक्ति प्रदान गरुन भनी श्री पशुपतिनाथसँग प्रार्थता गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भिमसेन मैनाली**
**तथा**
**कमलपोखरी स्पोर्ट्स क्लव परिवार तथा टोलबासी**

# ‘प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणमा एउटा नयाँ आयाम सुरु भएको छ’



प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ चार दिने भारत भ्रमण सकाएर (शनिबार) स्वदेश फर्किएका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणमा उनी औपचारिक भ्रमणमा भारत गएका हुन् । पदभार ग्रहण गरेपछिको यो प्रधानमन्त्रीको पहिलो भ्रमण थियो । भारत भ्रमणमा राजनीतिक, आर्थिक, व्यापार, उर्जा, सुरक्षा तथा विकास लगायतका विषयबस्तुलाई समेट्दै दुवै प्रधानमन्त्रीले भारत नेपालबीचको द्विपक्षीय एजेन्डामा रहेर समीक्षा गरेका थिए । यसै विषयलाई लिएर नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर एवं राष्ट्रपति रामचन्द्र पौडेलका आर्थिक सल्लाहकार डा. चिरञ्जीवी नेपालसँग गरेको सम्पादित अंश:

*राष्ट्रपति रामचन्द्र पौडेलका बारेमा फेरि चर्चा सुरु भएको छ । नागरिकता विधेयकमा उहाँले प्रमाणीकरण सुरु गरिसकेपछि एमालेले विरोध गरिरहेको छ । तपाईंहरुले यो विरोधलाई कसरी लिनुभएको छ ?*

उहाँले संसद्लाई निकास दिएको हो । अहिले निकास दिनुपर्ने स्थिती थियो । संविधानको मर्मअनुसार नै हो । पारित भइसकेको नागरिकता विधेयकलाई फिर्ता गर्ने भनेर कहाँ लेखिएको छ संविधानमा ? त्यसैले सरकाले अगाडि बढाउनु पऱ्यो भनेर निर्णय गरेर दियो । त्यो अनुसार सम्माननीय राष्ट्रपति ज्यूले यसलाई अगाडि बढाउनुभयो । यहि हो सत्य, तथ्य यसलाई लिएर भोलि संसदीय व्यवस्था सवल बनाउनलाई उहाँले यो नागरिकता विधेयक पारित गर्नु भएको हो ।

*जनताको सर्वोच्च निकायलाई छलेर मृत नागरिकता विधेयकलाई राष्ट्रपतिबाट प्रमाणीकरण भयो भन्ने एमालेको आरोप छ ?*

मृतक भनेर कहाँ लेखेको छ ? कहाँ पठाउने भन्ने कहि छ त्यस्तो लेखेको ? संविधान अनुसार गर्ने हो हरेक कुरा । राष्ट्रपतिले सरकारले भनेपछि त्यही अनुसार गरेको हो ।

*राष्ट्रपतिको सल्लाहकारको नाताले राष्ट्रपति कार्यालयको वक्तव्य प्रचलित कानुन र संसदीय मान्यता विपरीत भएको एमालेको भनाई छ नि ?*

संसदीय व्यवस्था सर्वपरी भएको हुनाले उसले पठाएको कुरालाई राष्ट्रपतिले जबकी संविधानमा कहिँ पनि उल्लेख छैन । जति पटक पनि राष्ट्रपतिले फिर्ता पठाउनेवित्तिकै भोलि संसदीय व्यवस्थामा नभएका संसदबाट छलफल भएका कुराहरु राष्ट्रपतिसँग आउनेवित्तिकै फिर्ता पठाउने परिपाटी भयो भने के हुन्छ ? त्यो फिर्ता पठाउन पर्छ भनेर कहाँ लेखेको छ ?

*एमाले, राप्रपाका नेताहरुको भनाई छ, नयाँ संसद् आइसकेपछि संसदमा छलफल हुनुपर्छ । सांसदले आफ्ना कुराहरु राख्न पाउनुपर्छ भनेका छन् नि ?*

राष्ट्रिय सभामा भएका सभासदहरु को हुन् ? नयाँ संसदमा पनि तिनै संसदीय व्यवस्थाबाट चुनिएर आएका प्रतीनिधिहरु होलान् । राष्ट्रिय सभामा पुरानै बसेर गरेका हुन् । पहिले पनि राष्ट्रिय सभा प्रतीनिधि सभाबाट गरेको हो । दशकौंदेखि रोकिएको कुरा पूर्ण रुपमा उहाँले निकास दिनुभयो ।

*प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण कतिको सफल भयो ?*

प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणमा एउटा नयाँ आयाम सुरु भएको छ । त्यो आयामलाई बंगलादेश मोडालिटी कुरा सुरु भएको छ । अहिलेको स्थितीमा सकारात्मक रुपमा हामीले बाहिरबाट लिएका छौं । इपिजि बारेको केहि कुरा निस्किएन अथवा भएन त्यसैले यो कुरामा अलिकति दुःख लाग्यो । तर, मोडालिटीबाट कुरा अगाडि बढ्यो । बंगलादेश मोडालिटीको कुरा आइरहेको छ । त्यो मोडालिटीबाट जादाँखेरि नेपाललाई सहज हुन्छ । हिजोको दिनमा बंगलादेश र भारतको जुन २१ वटा र यता १५१ वटा भू-भाग आदानप्रदान भएको छ । त्यसले गर्दा सहजतातिर जान्छ कि भन्ने स्थितीमा गएको हुनाले यसमा भोलिको दिनमा के हुन्छ भन्ने हो । पारवहन सन्धि तीन वर्षदेखि भएको थिएन । त्यो सन्धिमा नेपाल भित्र सडक, रेल र जलमार्गका कुराहरु उपयोग गर्न सकिने जुन कुरा आएको छ । १० हजार मेगावाट विद्युत १० वर्षभित्र भनिएको छ । त्यो पनि राम्रो पक्ष हो । दुई देशभित्र भएको यसलाई कार्यन्वयन पछि कस्तो हुन्छ भोलि भन्ने समन्वय समितिहरु कस्तो हुन्छ यसले फरक पार्छ । कतिपय हिजोदेखि उठाइरहेका कुराहरु हरेक पटक जादाँखेरि भइरहेका हुन्छन, काम हुँदैन । त्यसैले भोलिको दिनमा समन्वय भएर समृद्धिहरु दुई देशभित्रै बनेर कसरी अगाडि बढ्छन् ।

*नेपालले उत्पादन गरेको बिजुली भारतले किन्न तयार पाऱ्यो आफुलाई, त्यसमा टेक्निकल समस्या आउँछ कि आउदैन ? कसरी अगाडि बढनसक्छ ? चुनौतीहरु के छ ?*

भोलि नेपालबाट समन्वय समिति बन्छ । निर्यात भन्दाखेरि उर्जा राखेर उद्योग धन्दाहरु खोलेर सबै यहि आउने स्थिती पनि होला । उर्जा निर्यात भन्दा पनि हाम्रो खपतमै हामीलाई नपुग भयो भने अहिले पनि हामीलाईं विद्युत पुगेको छैन । हिउँदमा पुगेकै छैन । हाम्रो आर्थिक क्रियाकलाप बढ्दाखेरि भोलि निर्यात गर्न नपर्ने स्थिती पनि आउनसक्छ । विद्युत प्रसारण लाइन निर्माण समपन्न भइसकेपछि अथवा उत्पादन भइसकेपछि कसरी जान्छ भन्नेकुरा हो ।

## एसपी विकले संगठनको साख जोगाउने काम गरेका छन् : उद्योगी व्यवसायी

रुपन्देही । रुपन्देही जिल्लाको कमाण्ड सम्हालेका एसपी भरत बहादुर विकले नाकामा हुने चोरी पैठारी रोक्न शुन्य सहनशीलता अप्नाएका छन् ।

एसपी विकले गरेको कार्यको रुपन्देहीका उद्योगी व्यवसायीहरुले खुलेरै प्रसंशा समेत गरेको पाइएको छ । खुला सिमानाबाट हुने तस्करीलाई ग्राउण्ड जिरोमा झार्नुका साथै जिल्लाको शान्ति सुरक्षाका लागि अहोरात्र खटिएका एसपी भरत बहादुर विकले नेपाल प्रहरी संगठनको साख जोगाउने काम गरेको व्यवसायीहरुले बताउने गरेका छन् । पछिल्लो समय भैरहवा भन्सार कार्यालयले गरेको कडाईमा विभिन्न क्षेत्रका अधिकारी र संघसंस्थाहरुले एक्यवद्धता जनाउँदै यसलाई निरन्तरता दिनुपर्ने बताउँदै आइरहेका छन् । भन्सारमा सर्वसाधारणलाई लाईनमा राख्ने कार्य अव्यवहारिक भएको भन्ने जनगुनासा आएसँगै यस विषयमा रायसुझाव लिने




उद्देश्यले राजश्व चुवावट नियन्त्रण समितिले सबै क्षेत्रका अधिकारीहरुलाई समेटेर अन्तरक्रिया कार्यक्रम गरिएको थियो ।

भन्सारमा राजश्वमा गरिएको कडाईलाई लिएर भारतीय बजारमा गलत प्रचार गर्ने, नेपाली उपभोक्तालाई भारतीय बजारमा रोकलगायत जस्ता भ्रमपुर्ण हल्लाहरु चल्न थालेपछि यसलाई स्पष्ट पार्न जरुरी रहेको रुपन्देहीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले विभिन्न क्षेत्रका व्यक्तिहरुलाई जानकारी गराएका छन् । प्रमुख जिल्ला अधिकारी पाण्डेले विभिन्न क्षेत्रका व्यक्तिहरुलाई लक्षित गर्दै भने “हामीले उपभोक्तालाई रोकेका हाईनौं कानुन सम्वत भन्सार शुल्क बुझाउनुस् मात्र भनेका हौं ।”

बैठकमा सिमा जोडिएका पालिकाका प्रमुखहरुले सिमानाकामा हुनसक्ने अवैध चोरी पैठारी रोक्न स्थानीय सरकार प्रतिवद्ध रहेको पनि जानकारी गराएका थिए । सिद्धार्थनगर नगरपालिकाका प्रमुख ईस्तियाक अहमद खानले सरकारको मुख्य आम्दानी रहेको राजश्व चुवावट नियन्त्रणमा सबै लाग्नुपर्ने बताए । राजश्व कम हुँदा देश आर्थिक संकटमा जाने भएकोले प्रत्येक व्यक्ति राष्ट्रप्रति वफादार बन्नुपर्ने र सिद्धार्थनगर यसमा साथ रहने प्रमुख खानको भनाई थियो । रोहिणी गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादवले नेपाल सरकारले किसानलाई समयमा मलखाद उपलब्ध गराउन नसक्दा किसानप्रति निर्मम बन्न नसकिएको बताए । रोहिणी गाउँपालिकाको भगवानपुरमा भन्सार सुविधा नहुँदा तस्करी रोक्न समस्या भएको उनले बताए । भगवानपुरमा छोटी भन्सार स्थापना गर्न भैरहवा भन्सार कार्यालयलाई अनुरोध गरे । यस्तै सम्मरीमाई गाउँपालिकाका अध्यक्ष विनोद कुमार श्रीवास्तवले सम्मरीमाई गाउँपालिका भारतसँग सिमा जोडिएको पालिका भएका कारण व्यवहारिक रुपमा चोरी पैठारी रोक्न कठिनाई भएपनि त्यसप्रति पालिका कटिवद्ध रहेको बताए ।

किसानहरुले थोरै मात्रामा मलखाद ल्याए पनि ठुला तस्करीहरु नभएको जिकिर गरे । यस्तै नीजि क्षेत्रका विभिन्न उद्योग वाणिज्य संघका अध्यक्ष तथा प्रतिनिधिहरुले चोरी तस्करी रोक्न रुपन्देही प्रहरी प्रमुखहरुले देखाएको सक्रियता प्रशंसायोग्य रहेको बताए । भन्सारमा एक सय रुपैंयाँ भन्दा बढीको प्रज्ञापन भर्न लगाउने र चोरी तस्करी नियन्त्रणमा प्रहरीको सक्रियताले नेपाली व्यवसायीहरुमा उत्साह जागेको प्रतिक्रिया दिए । उद्योग वणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्मा, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य महेन्द्र कुमार श्रेष्ठ, बुटवल तथा भैरहवाका विभिन्न उद्योग वाणिज्य संघका अध्यक्षहरुले यसलाई निरन्तरता दिनुपर्ने बताए । सो कार्यक्रममा लुम्बिनी प्रेस क्लबका अध्यक्ष सम्झना शर्माले सामान खरीद गर्दा अनिवार्य उपभोक्तालाई विल उपलब्ध गराउनु पर्ने, भन्सारमा यात्रुहरुको सुविधाका लागि अनलाईन भुक्तानीको व्यवस्था गर्नुपर्ने, नेपाली बजारमा भएको अस्वभाविक मुल्यबृद्धिका सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्नेलगायतका सुझाव राखेकी थिइन् ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी उपरिक्षक भरत बहादुर विक, सशस्त्र प्रहरी उपरिक्षक दिपक थापा, भैरहवा भन्सार एजेण्ट संघका अध्यक्ष मधु पन्थी, सामाजिक अभियान्ता प्रख्यात बन्जाडेलगायतका विभिन्न संघसंस्थाका प्रतिनिधिहरुले आ-आफ्ना भनाई राखेका थिए । कार्यक्रममा भैरहवा भन्सार कार्यालयका प्रमुख मनिराम पौडेलले तथ्यमा रहेर चोरी तस्करीका समाचार संप्रेशण गर्न संचारकर्मीहरुलाई समेत सुझाव दिए । कतै अधैव सामान आयात भएको सुचना पाए सम्बन्धित निकायलाई खबर गर्न उनले अनुरोध गरेका थिए ।

# भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २०१०/०४/०७

स्वर्गारोहण
वि.सं. २०८०/०२/२४

## स्व. कान्छा महर्जन

हाम्रा आदरणीय भिनाजु तथा बाबुकाजी महर्जन र बाबुरत्न महर्जनका पुजनीय पिता **कान्छा महर्जन**को असमायिक स्वर्गारोहण भएको खबरले हामी स्तब्ध एवम् मर्माहत भएका छौं । शोकको यस दुःखद् क्षणमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारणा गर्न सक्ने शक्ति मिलोस् भनी श्री पशुपतिनाथसाग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भरत महर्जन**

*अध्यक्ष*

**खोजतलास मिडिया प्रा.लि. परिवार**

## सम्पादकीय

# नागरिकतामा खेल नखेलियोस्

काठमाडौंको माइतीघर मण्डलमा नागरिकता नपाएकै कारण एक युवकले आत्मदाहको प्रयास गरे । आत्मदाहको प्रयास गर्ने मोरङको विराटनगरका २५ वर्षीय निरज कामत नागरिकताविहीन संघर्ष समितिका केन्द्रीय उपाध्यक्ष हुन् ।

नागरिकता माग गर्दै आन्दोलनका क्रममा धर्ना बसेका मोरङका २५ वर्षीय कामतले जिउमा पेट्रोल खन्याएर आगो लगाउने प्रयास गरेका थिए ।

कामतले आफूलाई सामाजिक अभियन्ताका रुपमा चिनाउँदै आएका छन् । पछिल्लो समय नागरिकताको विषयलाई लिएर माइतीघरमा चलेको आन्दोलनमा निरन्तर सहभागी भएका उनले फेसबुकमा लाइभ पनि गरिरहन्थे । जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता सीताराम रिजालका अनुसार पेट्रोल खन्याएर आगो लगाएका कामतलाई तत्कालै उद्धार गरी उपचारका लागि वीर अस्पतालको ट्रमा सेन्टरमा लगियो ।

**नागरिताताको विषयलाई राजनीतिक अस्त्र बनाउन खोज्दा समस्या नै समस्या आउने गरेको छ । नागरिकताको चुरो समस्या अझै कसैले पहिल्याउन सकेको छैन । लहडको भरमा कानून बनाउने गतिविधि समेत भएका छन् । यो समस्या समाधान त गर्नुपर्छ तर यसका नाममा विदेशीहरू नेपालभित्र हुलका हुल छिर्ने वातावरण बन्न दिनुहुँदैन ।**

यसरी नागरिकताको विषयलाई लिएर वंशजकै आधारमा पनि नागरिकता नपाउनेहरुले पछिल्लो समय माइतीघर मण्डलामा धर्ना दिँदै सरकारलाई नागरिकताको समस्या समाधान गर्न दवाव दिँदै आइरहेका छन् ।

नागरिताताको विषयलाई राजनीतिक अस्त्र बनाउन खोज्दा समस्या नै समस्या आउने गरेको छ। नागरिकताको चुरो समस्या अझै कसैले पहिल्याउन सकेको छैन । लहडको भरमा कानून बनाउने गतिविधि समेत भएका छन् । यो समस्या समाधान त गर्नुपर्छ तर यसका नाममा विदेशीहरु नेपालभित्र हुलका हुल छिर्ने वातावरण बन्न दिनुहुँदैन । यसलाई प्रमाणिकरण गर्ने र नगर्ने विषयलाई पनि राजनीतिक अस्त्र बनाइयो ।

राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणिकरण भई ऐन बनिसके पनि तत्काल कार्यान्वयन नहुने भएको छ । सर्वोच्च अदालतले नागरिकता ऐन कार्यान्वयन नगर्न अल्पकालिन अन्तरिम आदेश जारी गरेको छ । सर्वोच्चका न्यायाधीश डा. मनोज कुमार शर्माको एकल इजलासले उक्त आदेश दिएको हो । सर्वोच्चका प्रवक्ता विमल पौडेलका अनुसार नागरिकता ऐन कार्यान्वयन नगर्न अल्पकालीन आदेश दिएको छ । नागरिकता विधेयक असंवैधानिक तरिकाले प्रमाणीकरण गरेको भन्दै राष्ट्रपति पौडेलको कदमविरुद्ध रिट दायर भएको थियो । रिटमाथि सुनुवाई गर्दै सर्वोच्चले अल्पकालीन अन्तरिम आदेश जारी गरी दुवै पक्षलाई बोलाएको छ ।

यसअघिको प्रतिनिधि सभाले २०७९ मा नागरिकता विधेयक पारित गरी तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण नगरी सुझावसहित संसदमा फिर्ता पठाएकी थिइन् । विधेयकलाई हालका राष्ट्रपति रामचन्द्र पौडेलले ३१ मईमा प्रमाणीकरण गरेका थिए । नागरिकताको व्यवस्थासम्बन्धी संशोधन गरिएको नयाँ ऐनमा जन्मसिद्धका सन्तानले नागरिकता पाउने व्यवस्था छ । नयाँ कानून अनुसार असोज २०१५ भन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवैको नागरिकता देखाएर १६ वर्ष पुगेपछि वंशजको नागरिकता पाउने व्यवस्था छ ।

यसरी नागरिकताको विषयलाई राजनीतिक गन्ध नदिई नेपाली नागरिकले नागरिकता पाउनुपर्छ । यसतर्फ सुक्ष्म अनुसन्धान गरी नेपालीले नागरिकता पाउने वातावरण बनाई विदेशीलाई गहिरो अनुसन्धान पछि मात्र नागरिकता दिन योग्य भए मात्र दिनुपर्ने वातावरण बनाउनु पर्छ। कतिपय विदेशीहरुले पैसा र पहुँचकै भरमा नागरिकता बनाउन सफल भइसकेका छन् भने नेपाली नागरिकले भने विभिन्न बाधा अड्चन देखाई नागरिकता नदिनुले ठूलै समस्या निम्तन सक्छ । यसतर्फ सम्बन्धित निकायका विज्ञहरुले समयमै ध्यान दिई यस्तो समस्या चाँडोभन्दा चाँडो समाधान गर्नुपर्ने अवस्था आइसकेको छ । कामत जस्तै धेरै नेपाली नागरिकले नागरिकता नपाएकै कारण आत्मदाह गर्ने वातावरण नबनोस् । समयमै चेते खुलोस् ।

# महिलाका लागि प्रकृतिविपरित कानुन

**मन्जु थापा**

सन्तान जन्माउने र हुर्काउनका लागि चाहिने धैर्यता, ममता र करुणा प्रकृतिले स्त्रीलाई दिएको छ । गर्भाधान भएपछि महिलाले पुरुषको अनुपस्थितिमा पनि बच्चा जन्माउन र हुर्काउन सक्छिन् ।

प्रकृति दिएको यो मूल जिम्मेवारी हरेक महिलाका लागि गर्वको विषय हो, तर पितृसत्तात्मक समाजका कारण महिलाले आफ्नै सन्तानलाई पहिचान र वैधता दिन पाउँदिनन् ।

कुन पुरुषको सन्सर्गबाट गर्भवती भएको भन्ने हिसाब हरेक स्त्रीले समाजलाई दिनुपर्छ । यति मात्रले पुग्दैन, उनले देखाएको पुरुषले त्यो गर्भलाई सकारेको पनि हुनुपर्छ । कुनै कारणवश महिलाले आफ्नो गर्भ कुन पुरुषको संसर्गबाट रहन गएको हो भनी नाम दिन सकिनन्, वा उनले देखाएको पुरुषले त्यो गर्भ सकारेन भने ती महिलाको मात्र होइन उनको सन्तानको जीवन अपमानजनक, पहिचानविहीन र कष्टकर हुन्छ ।

आफूले जन्माएका सन्तानलाई वैधता दिन एक नाबालिग कुमारीआमाले कति ठूलो महाभारत लड्नुपर्‍यो उदाहरण ताजा छ, हामीसँग । उनले पाएको सामाजिक अवहेलना र मानसिक पीडाको कुनै हिसाब छैन । उनी त हिम्मतिली थिइन् र जोखिम उठाउँदै लडेर लिइन्, तर सबै महिलाले त्यसरी लडेर लिन सक्दैनन् । मानवीय हिसाबले न्यायपूर्ण र महिलामैत्री कानुन बनाएर महिलाले आफ्ना सन्तानलाई स-सम्मान पहिचान दिन सक्ने व्यवस्था गरिनुपर्छ, अनि मात्र प्रकृतिले बक्सेको स्त्री उत्तरदायित्वको आदर हुन्छ ।

गर्भवती महिलाले सन्तानलाई जन्म दिने निर्णय गरिन्, जन्म दिइन् र हुर्काइन्, त्यतिले उनको उत्तरदायित्व पूरा हुँदैन । १६ वर्ष पुगेपछि बच्चालाई पहिचानसहितको नागरिकता चाहिन्छ ।

यसै सन्दर्भमा नेपालमा विद्यमान कानुनको कुरा गर्दा, नेपालको संविधानको धारा ३८ (१) ले प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने व्यवस्था गरेको छ । प्रजनन स्वास्थ्य र प्रजनन अधिकारको बृहत परिवेशभित्र सन्तान जन्माउने वा नजन्माउने दुवै कुराको निर्णय पर्छ ।

यसरी संविधानले नै गर्भमा आएको बच्चा जन्माउने कि नजन्माउने निर्णय गर्ने हक-महिलालाई दिएको छ । त्यसैगरी सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले कसैले गर्भवती महिलालाई करकाप गरी धम्की दिई ललाइफकाइ गरी वा प्रलोभनमा पारी गर्भपतन गराउनु हुँदैन भन्छ ।

संविधानले नै व्यवस्था गरेको हकको उपयोग गरी गर्भवती महिलाले सन्तानलाई जन्म दिने निर्णय गरिन्, जन्म दिइन् र हुर्काइन्, त्यतिले उनको उत्तरदायित्व पूरा हुँदैन । १६ वर्ष पुगेपछि बच्चालाई पहिचानसहितको नागरिकता चाहिन्छ ।

प्रचलित नागरिकता ऐनले नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ । यसरी आमाको नामबाट नागरिकता लिन दुई सर्त पूरा हुनुपर्ने देखियो । पहिलो सर्त- बच्चा नेपालमा जन्मेको हुनुपर्ने । दोस्रो सर्त- बाबुको पहिचान हुन नसकेको । यो अवस्थाबाहेक आमाको नामबाट नागरिकता बन्ने व्यवस्था गरिएको छैन ।

यी दुई सर्त पूरा गर्न नसकेको अवस्थामा नेपाली नागरिक आमाले जन्माएको सन्तानले नागरिकताजस्तो आधारभूत आवश्यकताबाट वञ्चित हुनुपर्छ । अब हेरौँ, कस्तो अवस्थामा नेपाली आमाले जन्माएको सन्तानले नागरिकताबाट वञ्चित हुने अवस्था छ । अझ पनि नेपालको नागरिकता ऐनले महिलाका सबै पक्षलाई सम्बोधन गर्न सकेको छैन ।

कुनै विशेष अवस्थामा मात्र महिलाले आफ्नो सन्तानको बाबु को हो भन्न सक्दिनन्, तर अधिकांश अवस्थामा आफ्नो पेटमा हुर्कदै गरेको सन्तानको बाबु को हो, उनलाई थाहा हुन्छ, तर सम्बन्धित पुरुषले स्वीकार गरेन भने सन्तानले आमाको नामबाट नागरिकता पाउने व्यवस्था गरिएको छैन । यस्तो अवस्थामा नेपाली आमाको सन्तानले अवैध र अनागरिक भएर जीवन काट्नुपर्ने हुन्छ । कि आमाले बच्चाको पहिचानका लागि डिएनए जाँच गरिपाऊँ भनेर आमरण अनशन बस्नुपर्छ ।

नेपाली नागरिक महिलाले विदेशमा कामदार वा विद्यार्थीको रूपमा रहँदा लैंगिक हिंसामा परेर उतै जन्माएको सन्तानले, मानसिक अवस्था ठीक नभएको अवस्थामा उतै जन्माएको सन्तानले, विदेशी वा नेपाली नागरिकसँगको संसर्गले उतै जन्मेको सन्तानलाई सम्बन्धित पुरुषले स्वीकार नगरेको अवस्थामा आमाको नामबाट सन्तानले नागरिकता पाउने व्यवस्था गरिएको छैन । यी अवस्थामा नेपाली आमाको सन्तानले अवैध र अनागरिक भएर जीवन काट्नुपर्ने हुन्छ । अन्यथा सन्तानलाई उतै सडकमा अलपत्र छाडेर आउनुपर्‍यो । एक आमाको मनले सन्तान अलपत्र छोड्न मान्ला र ? एक आमालाई यस्तो परिबन्दमा पार्ने व्यवस्था अमानवीय व्यवस्था हो ।

यसरी अझ पनि नेपालको नागरिकता ऐनले महिलाका सबै पक्षलाई सम्बोधन गर्न सकेको छैन । प्रचलित कानुनबमोजिम बरु पितृत्व तथा मातृत्वको ठेगान नभएकाले नागरिकता पाउँछ । अन्य राष्ट्रको नागरिकता लिएका नेपाली नागरिकले नागरिकता पाउँछ, तर एक किसिमले पीडाको अवस्थामा नेपाली आमाले जन्माएका सन्तानले नागरिकता पाउने व्यवस्था गरिएको छैन । यो राज्यले पीडितलाई अझ पीडा थपिने गरी गरेको व्यवस्था हो ।

पितृसत्तात्मक सामाजिक प्रणालीमा कुनै पनि बच्चाको जन्मलाई पुरुषले नसकारेसम्म वैधता दिइँदैन । कानुन पनि उही सामाजिक संस्कारको उपज हुने हुनाले आमाको नामबाट नागरिकताको व्यवस्था पुरानो होइन, नेपाली परिवेशमा । जन्म दिन सक्ने आमालाई किन पहिचान दिने हक दिइएको छैन ? उही पुरानो र परम्परागत उत्तर यौनिकता नियन्त्रण गर्न ।

आज पनि राज्यले कुनै आमालाई आफ्नो सन्तानलाई दिनुपर्ने पहिचान दिने अधिकारबाट वञ्चित गर्नु अन्याय हो- महिलाका लागि र उनको सन्तानका लागि । साथै यो अनादर पनि हो, विशाल प्रकृतिले दिएको उत्तरदायित्वप्रति । तसर्थ महिलालाई प्रकृतिले दिएको उत्तरदायित्वको सम्मान गर्दै जुनसुकै अवस्थामा जन्मिएको सन्तान होस्, नेपाली आमालाई आफ्नो सन्तानलाई दिने पहिचानबाट वञ्चित गर्ने कानुन बनाउनु हुँदैन, बनिसकेका भए यथाशीघ्र संशोधन हुनुपर्छ ।

*(लेखक थापा नेपाल पुनर्बीमा कम्पनी लिमिटेडकी मुख्य प्रबन्धक हुन् ।)*

# सहकारी समस्या हल गर्न विज्ञहरूको बहस

काठमाडौं । सहकारी क्षेत्र दिनप्रतिदिन संकटपूर्ण र अस्तव्यस्त बन्दै गएको अवस्थामा सहकारीका समस्यालाई हल गर्ने उपाय पहिल्याउने उद्देश्यका साथ बहसहरु चल्न थालेका छन् ।

अहिले पनि समुदायमा आधारित र सुशासनमा चलेका सहकारीहरूले आर्थिक, सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान गरिरहेका छन् । तर, पछिल्लो समय कतिपय सहकारी संकटग्रस्त बन्दै गएपछि समग्र सहकारी अभियानप्रति प्रश्न मात्र होइन विश्वसनीयता पनि गुम्न थालेको छ । जसले गर्दा राम्रा र स्थापित सहकारीहरुले समेत बदनामी खेपिरहेका छन् । सहकारीमाथिको संकट निम्तिँदा कतै सहकारी निमिट्यान्न त हुँदैनन् प्रश्न उब्जिएको छ । यो अवस्थामा सहकारी बचाउने दुई अस्त्रका रुपमा स्तरीकरण र स्थिरीकरण कोषलाई लिइएको छ । स्तरीकरणबाट सहकारीमा सुशासन कायम गर्ने र स्थिरीकरण कोष मार्फत सहकारीलाई सुरक्षा दिन सकिए सहकारी बचाउन सकिने सहकारी अभियन्ता एवं सरोकारवाला विज्ञहरु बताउँछन् ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ(नेफस्कून)का अध्यक्ष परितोष पोडेलले यतिखेर संस्थाको सुशासनको प्रत्याभूति दिलाउनु मूख्य समस्या रहेको बताउँछन् । सहकारी मन्त्रालयसँग नेफस्कूनको लामो छलफलपछि सहकारीमा सुशासन दिन स्तरिकरण गर्नुपर्ने र सुरक्षा दिन स्थिरिकरण गर्नुपर्ने निस्कर्षमा पुगिएको बताए । उनी भन्छन्-'स्तरिकरणको माध्यमबाट सुशासन कायम गर्ने विश्वव्यापी अभ्यास भएपनि नेपालमा भर्खर अनुशरण गर्न खोजिएको हो । यो माध्यमबाट नेपालभरका वित्तीय कारोवारमा आधारित सहकारीहरुलाई सुशासनमा ल्याउन अत्यन्त आवश्यक छ ।'

स्तरिकरण भित्र ३ विषय पर्दछन् । पहिलो जोखिममा आधारित सुपरिवेक्षण प्रणाली, दोस्रो नेपाल ब्राण्ड अर्थात् प्रोबिसन ब्राण्ड दिने र तेस्रो अन्तर्राष्ट्रिय क्षेत्रमै प्रचलनमा रहेको एक्सेस ब्राण्ड जुन सहकारी संस्थामा आवश्यकीय तत्व जसमा वित्तीय र गैरवित्तीय दुवै चेकजाँच हुनसक्ने छ । यसले सामान्यत: संस्थालाई ढल्न नदिने




उद्देश्य राखिएको हो । 'यदी जोखिम बढेर गयो संस्थाहरु अप्ठेरोमा परे भन्ने हुन्छ र तिनलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा ऐनको दफा ७४ ले बोलेको छ जहाँ स्थिरीकरणको माध्यमबाट सुरक्षा दिन सकिन्छ भन्ने कुरा उल्लेख छ' पौडेल भन्छन् ।

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेती सदस्यहरुलाई बचत सुरक्षणको प्रत्याभूती दिन, संघलाई सदस्य संस्था सुशासित र सुरक्षित रहेको एकिन गरिराख्न, संस्था संचालकहरुलाई सुरक्षित संस्थाको रुपमा आश्वस्त बनाउन, समुदायमा उच्च छवी कायम राख्न, राज्यका लागि बचत ऋण अभियानको सुरक्षाको प्रत्याभुती दिन स्तरीकरण र स्थिरीकरण अपरिहार्य रहेको बताउँछन् । उनी भन्छन्- 'तरलता व्यवस्थापनको कारणले कुनै पनि वित्तीय संस्थामा १० प्रतिशत या बढीमा २० प्रतिशत राख्नपर्ने भन्ने छ । तर अविश्वास सृजना भएर सहकारीमा बचत झिक्नेको संख्या बढ्नु स्वभाविकै हो ।' 'निर्धक्क कारोबार गर्दा कुनै समस्या छैन भन्ने वातावरण सरकारले बनाइदिन पनि स्थिरीकरण कोष कार्यान्वयनमा ल्याउन पर्ने र यसैले सहकारी पूनर्जिबित बनाउन सकिने छ,' उनी भन्छन् । साथै ऐनमा भएका कुराहरु तत्काल लागू गरिदिए बजारमा सकारात्मक सन्देश प्रवाह हुने उनको तर्क छ ।

सामान्यतया स्थिरीकरण कोष बचत तथा ऋण केन्द्रित सहकारीहरुको नियमित अनुगमन गरी वित्तीय कारोवारलाई अनुशासित र सुरक्षित बनाउन, तरलता अभावमा सरल कर्जा, सापटी वा अनुदान उपलब्ध गराई सहकारीलाई वित्तीय संकटबाट जोगाउन । स्वनियमन सहकारी पद्धति मार्फत् सहकारीको आन्तरिक शुसासन कायम राखी शाख अभिबृद्धि गर्न, सदस्यहरुको वचतलाई सुरक्षित गर्ने प्रविधिहरुको विकास गरी बचत तथा ऋण सहकारी संस्थाहरु प्रति समुदायको आस्था तथा दृढ विश्वास कायम राख्ने अभिप्रायका साथ अघि सारिएको हो । यसले वित्तीय विश्लेषणको नतिजाको आधारमा कमजोर देखिएमा सुधारका उपायको जानकारी दिन र कार्यान्वयन गर्न गराउन भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

राष्ट्रिय सहकारी महासंघ नेपालका अध्यक्ष मीनराज कँडेल पनि सहकारीमाथि कालो बादल मडारिरहेको अवस्थामा जोगाउने अस्त्र स्तरीकरण र स्थिरीकरण कोष नै हुन सक्ने जिकिर गर्छन् । बचत ऋणका संस्थाहरुलाई स्तरिकरण र समस्यामा परेकाहरुलाई स्थिरीकरण कोष मार्फत् रक्षा गर्न सकिने उनको भनाई छ । बचतकर्ताहरुको बचतको सुरक्षा अहिलेको मूख्य चुनौति रहेको उनको तर्क छ । यो बेलामा सुशासनमा ल्याउने कामसँगै संस्थालाई बचाउनुपर्ने जिम्मेवारी रहेको र गलत काम गर्नेलाई कारबाही गर्नुपर्ने उनको तर्क छ । सहकारीको ७ वटा अन्तर्राष्ट्रिय मूल्य मान्यता छन् । अहिलेको समस्या मूलत: सुशासन अभावकै कारण जटिलता सृजना भएको उनको भनाई छ ।

कूल गार्हस्थ्य उत्पादनमा ५ प्रतिशत योगदान पुर्‍याएको सहकारी क्षेत्रको माध्यमबाट समाज रुपान्तरण, गरिवी न्यूनिकरण, उद्यमशीलता विकासमा महत्वपूर्ण भूमिका खेलेको विगत बिर्सन नहुने र खराब नियतबस चलेका सहकारीलाई कारबाही गरेर स्वच्छ ढंगले चलेका सहकारी जोगाउनु आजको आवश्यकता भएको यसमा स्तरीकरण र स्थिरीकरणले काम गर्ने कँडेलको तर्क छ ।

सहकारी विभागका रजिष्ट्रार नवराज घिमिरेको भने फरक धारणा छ । उनी भन्छन्- 'सहकारीलाई व्यवस्थित बनाउन स्तरीकरण र स्थिरीकरण कोषको अवधारणा राम्रो हो तर त्यसमा मेरो केही बिमती छ ।' 'स्थिरीकरण कोषमा सिद्धान्त अनुसार भन्ने हो भने नेफस्कूनको अध्यक्ष सञ्चालक रहनु कुनै हिसावले उपयुक्त नहुने यसले स्वार्थ बाझिने सम्भावना रहन्छ । किनकि त्यहाँ मिनाहा गर्नेसम्मको कुरा रहेको छ ।' उनका अनुसार स्थिरीकरण कोष कित सरकारकै सञ्चालनमा हुनुपर्छ कित राष्ट्रिय सहकारी बैंकलाई दिनुपर्छ ।'

बचत तथा ऋण कारोबार गर्ने सहकारीहरूलाई समस्याग्रस्त हुनबाट जोगाउन भन्दै २०७९ साल जेठ २७ गतेदेखि तत्कालिन भूमि ब्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री शशी श्रेष्ठले कोषको सुरुवात गरेकी हुन् । तर सञ्चालक विवादकै कारण पूर्ण रुपमा कोष कार्यान्वयनमा आउन सकेको छैन । स्थिरीकरण कोषमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंकका प्रतिनिधि संचालक रहेने प्रावधान छ ।

# नेताहरू माउ पार्टी एमालेमा फर्किन थालेपछि नेकपा ब्यूँताउने रणनीतिमा माधव नेपाल



काठमाडौं । नेताहरूले एकपछि अर्को गर्दै पार्टी छाड्न थालेपछि नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले नेकपा ब्यूँताउने प्रस्ताव अघि सारेका छन् । पार्टी नेतृत्वसँग असन्तुष्टि जनाउँदै नेताहरू एमालेमै फर्किने क्रम बढेपछि अध्यक्ष नेपालले 'नेकपा कार्ड' फ्याँकेको कतिपयको टिप्पणी छ ।

तर, अध्यक्ष नेपालले अहिलेमात्रै नभए पार्टीभित्र संकट बढ्दै गएपछि केही समयअघिदेखि नै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई पुरानै पार्टी ब्यूँताउन सार्वजनिकरूपमै प्रस्ताव राख्दै आइरहेका छन् ।

उनको प्रस्तावमा माओवादी केही हदसम्म सकारात्मक भएपनि एमालेले रुची देखाएका छैन । आफूलाई सत्ता बहिर्गमन गराएर पार्टी फुटाएर हिँडेपछि ओलीले अझै बिर्सेका छैनन् । त्यसैले पनि ओलीले माधवको प्रस्ताव सहजै स्वीकार्ने देखिँदैन ।

शनिबार एक कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले भनेका थिए, 'हाम्रो पार्टी अर्को कुनै पार्टीमा गएर विलय हुनेवाला छैन । हामी हुन्छ भने पुरानो पार्टी फेरि ब्यूँताउँछौं । प्रचण्डजीलाई भन्छु म आउनुहोस्, हामी तयार हुन्छौं, केपीजी तयार हुन्छन् ? नेपाल कम्युनिष्ट पार्टी नेकपा फेरि ब्यूँताऔं ।'

पार्टीको तेस्रो वरीयतामा रहेका नेता मुकुन्द न्यौपाने, उपाध्यक्ष केदार न्यौपाने, केन्द्रीय सचिव भागवत विश्वासी, स्थायी कमिटी सदस्य चुँडामणि जंगली, केन्द्रीय सदस्य हीराचन्द्र केसी, शारदा स्वर्णकारलगायत नेताहरूले नेकपा एस छाडिसकेका छन् ।

शीर्ष नेताहरूले नै पार्टी छाडेपछि अध्यक्ष नेपाललाई पार्टीमा नेताहरू जोगाइराख्ने चुनौती थपिएको छ । पार्टी नेताहरू जोगाउँनै मुस्किल देखेपछि नेकपा ब्यूँताउने प्रस्ताव अघि सारेको कतिपयको बुझाइ छ । एमाले उपमहासचिव प्रदीप ज्ञवाली माधव नेपालले कम्युनिष्ट पार्टी ब्यूँताउन प्रस्ताव गर्नु नै हास्यापद भएको टिप्पणी गर्छन् ।

उनले भने, 'उहाँहरूले अब कम्युनिष्ट नाम नै छाड्दिए हुन्थ्यो । अझै नेकपा ब्यूँताउने उहाँको प्रस्तावमा एमालेको कुनै रुचि छैन र त्यो सम्भावना पनि छैन ।'

सत्ता गठबन्धनमा अप्ठ्यारो परेको बेलामा बार्गेनिङका लागि यस्तो प्रसंग उठाएको उनको बुझाइ छ । अहिले बजेटको बिषयलाई लिएर माधव नेपाल सन्तुष्ट छैनन् । ज्ञवालीको भनाई झैं प्रचण्ड नेतृत्वको गठबन्धनको सरकार ढाल्ने चेतावनी पनि उनले नेकपा ब्यूँताउने प्रस्ताव अघि सारेका हुन् ।

नेकपा एमालेका प्रचार विभाग प्रमुख राजेन्द्र गौतम पनि नेकपा ब्यूँताउने कुरा बेमौसमी बाजा भएको टिप्पणी गर्छन् ।

उनी भन्छन्, 'हामीले कम्युनिष्ट पार्टीलाई एकताबद्ध गर्ने लक्ष्यका साथ प्रचण्डजीको नेतृत्वमा सरकार बनायौं । तर, उहाँले धोखा दिनुभयो । त्यसपछि कम्युनिष्ट पृष्ठभूमिका व्यक्तिलाई राष्ट्रपति बनाऔं भनेर माधवजीलाई प्रस्ताव गरेका थियौं । तर, त्यो प्रस्तावमा पनि उहाँले लात हान्नुभयो । त्यसैले अहिले उहाँको प्रस्तावको अर्थ छैन ।'

नीति, कार्यक्रम, लक्ष्य र सिद्धान्तमा कुरा नभइ एकतर्फीरूपमा भएको अनौपचारिक आह्वानको अर्थ नहुने उनको बुझाइ छ । एमाले अहिले स्पष्ट अवधारणासहित समाजवादको आधारहरू तयार गर्दै अगाडि बढिरहेको उनले बताए ।

त्यसो त नेता बामदेव गौतमले नेकपा एसका नेताहरू एमालेसँग संवादमा रहेको दाबी गर्छन् । उनले भने, 'मुकुन्द न्यौपानेसहित ठूलो टीम पार्टीमा प्रवेश गरिसकेका छन् । अहिले ठूलो टीम हामीसँग छलफलमा हुनुहुन्छ । युवा र तल्लो तहका कार्यकर्ताहरू पनि आइरहेका छन् । हामीले हाम्रो पार्टीको १० औं राष्ट्रिय महाधिवेशनले पारित गरेको एजेण्डालाई स्वीकार गर्नेहरूलाई भित्राइरहेका छौं ।' एमालेका अर्का नेता पार्टी सदस्यदेखि पदाधिकारी तहसम्मका नेताहरू संवादमा रहेको बताए ।

ती नेताले भने, 'सांसदहरू पनि छलफलमा हुनुहुन्छ । उहाँहरूले पनि दलको भविष्य हेर्ने हो । गन्तव्यहीन, दिशाहीन अलमल भएपछि छलफल विकल्प खोज्नु स्वाभाविक हो ।'

परिस्थिति बिग्रने भएकाले अहिले नाम खुलाउन नहुने ती नेताको भनाइ छ । यता, नेकपा एसका प्रवक्ता जगन्नाथ खतिवडा पार्टीले औपचारिकरूपमा कसैलाई एमालेसँग संवाद गर्न नपठाएको बताए ।

उनले भने, 'पार्टीले आधिकारिक रूपमा एमालेसँग छलफलका लागि कुनै नेतालाई भनेको छैन । भन्ने अवस्था पनि छैन । व्यक्तिगतरूपमा गर्नुभएको भए पार्टीमा जानकारी छैन ।'

एसका अध्यक्ष नेपालको कार्यशैलीप्रति सम्मानित नेता झलनाथ खनाल, सचिव रामकुमारी झाँक्रीसहित केही नेताहरू सन्तुष्ट बन्न सकेका छैनन् । एमाले नेताहरू झैं माधव नेपालको प्रस्ताव अहिले सम्भव नभएको माओवादी केन्द्रका सचिव लीलामणि पोखरेल बताउँछन् ।

उनी भन्छन्, 'नेकपा ब्यूँताउनेबारे पार्टीमा छलफल भएको छैन । नेकपा ब्यूँताउने अहिले मैले सम्भावना देखेको छैन । जुनबेला सर्वोच्चले एमाले र माओवादीलाई छुट्याइदियो त्यही बेलामा हाम्रो बहुमत भएको बेलामा भएको भए पार्टी हाम्रै हुन्थ्यो । त्यो बेलामा आयोगमा जानुपर्थ्यो ।' तर, उनले सकारात्मक कुरा भएपनि अहिले सम्भव नभएको उनको भनाइ छ ।

नेकपा ब्यूँताउने तागतका साथ हिँड्न सक्यो भने मात्रै कम्युनिष्ट आन्दोलनले नयाँ गतिमा अगाडि बढ्ने नेकपा एसका प्रवक्ता खतिवडा बताउँछन् ।

उनी भन्छन्, 'नेकपालाई समाप्त गरेपछि नेपालको कम्युनिष्ट आन्दोलन ओरालो लागिरहेको छ । यसका दोषी ओली हुन् । त्यसैले नेकपा ब्यूँताउने तागतका साथ हिँड्न सक्यो भने मात्रै कम्युनिष्ट आन्दोलनले नयाँ गति पाउँछ भन्ने अर्थमा त्यो आह्वान गर्नुभएको हो ।'

तर, राजनीतिक विश्लेषक पुरञ्जन आचार्यले माधव नेपालले आफ्नो राजनीतिक जोगाउनको लागि नेकपा ब्यूँताउने प्रस्ताव अघि सारेको बताउँछन् ।

उनी भन्छन्, 'माधवजीको पार्टी राष्ट्रिय पार्टी हुनसक्यो न पार्टीको विकास गर्न सक्नुभयो । उहाँको पार्टी नै तरलतामा जाला जस्तो छ । उहाँले आफ्नो राजनीति र पार्टी जोगाउनको लागि पुरानो कम्युनिष्ट पार्टी उठाऔं भन्ने बासुरी बजाउन थाल्नुभएको छ । त्यसमा प्रचण्ड मान्ने र ओलीलाई मनाउन पर्‍यो भन्नेजस्तो कुरा उहाँको छ ।' आफ्नो र पार्टी नेताहरूको राजनीति जोगाउन खोजाउन खोजेको बताए ।

उनले भने, 'उहाँले पार्टी बनाउन सक्नुभएन । पहिला एमाले पार्टी मैले नै बनाएको भन्ने कन्फिडेन्स थियो । तर, त्यस्तो फुटेपछि अहिले पार्टी बनाउन गाह्रो छ । उहाँले वामदेव, शेरबहादुरजीबाट पनि शिक्षा लिन सक्नुपर्थ्यो अहिले आफैंले भोग्नुभयो । अहिले फेरि आफ्नो राजनीतिक जीवनको लागि पनि पुरानै पार्टी ब्यूँताउनुपर्छ भन्ने जरुरी भयो ।' उनले थपे, 'एकतिर पार्टी बनाउन सक्नुभएन । अर्कोतिर भएकाले पनि छाड्दै गए केही महिना अघि उहाँमा दम्भ देखिन्थ्यो पार्टी बनाउछु भन्ने । अहिले उहाँको उमेर र एजेण्डा, माहोल नभएपछि पुरानै पार्टी ब्यूँताउनुपर्छ भन्ने लाग्यो होला ।'

## जीप र माइक्रोबस असार १ देखि नयाँ बसपार्कभित्रबाट सञ्चालन हुने

काठमाडौं । जीप र माइक्रोबस आगामी असार १ गतेदेखि गाँगबुस्थित नयाँ बसपार्कभित्रबाट सञ्चालन हुने भएका छन् ।

माइक्रोबस तथा जीप समन्वय समितिले आज पत्रकार सम्मेलन गरी आगामी शुक्रबारदेखि जीप र माइक्रोबस नयाँ बसपार्कभित्रबाट सञ्चालन गर्न लागेको जानकारी दिएको हो ।

समितिका संयोजक राजेन्द्र आचार्यले यसअघि काठमाडौंभित्रका विभिन्न स्थानबाट सञ्चालन हुँदै आएका माइक्रो बस तथा जीपलाई असार १ गतेदेखि गाँगबुस्थित नयाँ बसपार्कभित्रबाट सञ्चालन गर्न लागिएको जानकारी दिए । काठमाडौं महानगरपालिकाले यही जेठ १९ गते लामो, मध्यम तथा छोटो दूरीका सार्वजनिक सवारीसाधन नयाँ बसपार्कभित्रबाट सञ्चालन गर्ने निर्णय गरेकाले उक्त निर्णयको कार्यान्वयनका लागि नयाँ बसपार्कभित्रबाट सञ्चालन गर्न लागिएको संयोजक आचार्यले बताए ।

'स्थानीय सरकारले गरेको निर्णय मान्न हामी तयार छौं, उक्त निर्णय सरोकारवाला सबै निकायलाई लागू गराउन महानगरपालिका लाग्नुपर्छ, हामी साथ दिन तयार छौं, स्थानीय सरकारले कसैलाई काखा र कसैलाई पाखा गर्नु हुँदैन', उनले भने । यसअघि नयाँ बसपार्कबाट ठूला सार्वजनिक सवारी साधन मात्र सञ्चालन हुँदै आएका थिए ।


यसअघि माइक्रोबस तथा जिप बल्खु, कलङ्की, बालाजु, माछापोखरी, गोँगबु, कोटेश्वरलगायतका क्षेत्रमा काउण्टर राखेर सञ्चालन हुँदै आएका थिए । अब भने सबै टिकट काउण्टर बसपार्कभित्र राखिने भएकाले सोही स्थानमा आएर टिकट लिन समेत उनले यात्रुलाई आग्रह समेत गरे । हाल काठमाडौंबाट पोखरा, नारायणगढ, डुम्रे, दमौली, लमजुङ, गोरखा, धादिङ, त्रिशूली बागलुङ, वेनी, स्याङ्जा, वालिङ, बुटवल, भैरहवा, कोटेश्वरबाट बिपी राजमार्ग हुँदै पूर्व जाने माइक्रोबस र बल्खुबाट हेटौंडा चल्ने टाटासुमो सञ्चालन हुँदै आएका छन् ।

संयोजक आचार्यले नयाँ बसपार्कभित्रबाट माइक्रोबस तथा जीप सञ्चालन गर्न नयाँ बसपार्क सञ्चालन गर्दै आएको लोत्से बहुउदेश्यीय प्रालिसँग समेत सम्झौता गरिसकेको बताए । 'नेपालको यातायात क्षेत्रलाई व्यवस्थित र यात्रुमैत्री बनाउन आवश्यक पर्ने संरचना निर्माणका लागि लोत्सेसँग सहकार्य गरेर अगाडि बढेका छौं' संयोजक आचार्यले भने ।

उनले नयाँ बसपार्कबाट माइक्रोबस तथा जिप सञ्चालन गर्दै गर्दा यात्रुको सुविधाका लागि यसअघि सञ्चालन हुँदै आएका क्षेत्रमा निश्चित समयसम्म 'पिक एण्ड ड्रप' को व्यवस्था गर्न समेत महानगरपालिकासँग आग्रह गरे । काठमाडौं उपत्यकाभित्र प्रवेश गर्ने सार्वजनिक सवारी साधनलाई व्यवस्थित तथा पार्किङ गर्न महानगरपालिकाले विसं २०५६ मा ल्होत्से बहुउद्देश्यीय प्रालिसँग सम्झौता गरी नयाँ बसपार्क सञ्चालनमा ल्याएको थियो । एक सय ६१ रोपनी क्षेत्रफलमा फैलिएको नयाँ बसपार्कमा आठ सयभन्दा बढी सार्वजनिक सवारी साधन राख्न मिल्ने क्षमता छ ।

## साप्ताहिक राशीफल

भाष्कर ज्यो. श्री विकास प्रसाद दुलाल



**मेष** : (चू,चे,चो,ला,लि,लू,ले,लो,अ)

घरेलु समस्याले सताउने छ, विश्वास मित्रबाट धोका हुनेछ, काममा समस्या आउनेछ, पेटको समस्याले सताउने छ , अध्ययनमा ध्यान दिन सकिने छैन, खर्च बढ्नेछ, बादविवादमा बेफाइदा हुनेछ, धनमाल हराउन सक्छ, सप्ताह अन्त्यमा फाइदा हुने र व्यापारमा पनि फाइदा हुने देखिन्छ । शुभ अंक ३ रंग पर्पल हो, हनुमानजीको पूजा गर्नु राम्रो छ ।

**बृष** : (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो)

रोकिएको काम बन्नेछ, सुरुमा कार्यको अवसर जुटनेछ सुख दुःखमा साथ दिने सहयोगी भेटिनेछ, शनिबारदेखि पारिवारिक अशान्ति हुनेछ, डाहा गर्नेहरु पछि पर्नेछन्, अध्ययनमा मन जानेछैन, आँट कमजोर हुनेछ, अन्त्यमा केही फलदायी हुनेछ, शुभ अंक ८ र रंग गुलावी हो, दुर्गाजीको दर्शन गरी कार्य आरम्भ गर्नु शुभ मानिन्छ ।

**मिथुन** : (का,की,कू,घ,ङ,छ,के,को,हा)

अध्ययनमा नराम्रो छ, कार्यबाट लाभ लिन सकिने छैन, कुरा काट्नेहरुसँग सतर्क हुनुपर्नेछ, आइतबारदेखि स्थितिमा राम्रो सुधार आउनेछ, सहयोगीहरुले फाइदा दिलाउनेछन् । प्रतिस्पर्धीहरु हार खानेछन्, अन्त्यमा पारिवारिक अशान्ति हुने देखिन्छ, बुद्धिलगाएर काम लिनु होला, शुभ अंक ३ र रंग खैरो हो । बटुक भैरवजीको दर्शन गर्नाले उचित लाभ मिल्नेछ ।

**कर्कट** : (ही,हू,हे,हो,डा,डी,डु,डे,डो)

सुरुमा स्वादिष्ट भोजन प्राप्त हुनेछ, पारिवारिक यात्राको योग छ, आफ्नो लगनशीलताले नाम कमाउन सकिनेछ । शनिबारदेखि अलि खराब समय छ, फजुल खर्च बढ्ने, बादविवादमा फस्नुपर्ने, विगतका कमजोरीले मनमा चिन्ता बढ्ने, अध्ययनमा कमी हुने, अरुको सहयोगले अन्त्यमा केही समस्या सुल्झने छ, शुभ अंक ९, रंग कालो हो, विष्णुजीको आरधना गर्नाले धेरै राम्रो हुनेछ ।

**सिंह** : (मा,मी,मू,मे,मो,टा,टी,टू,टे)

प्रारम्भमा अर्थ अभाव रहनेछ, काममा नराम्रोको भय हुनेछ, सहयोग जुटाउँदामासमय खर्च हुनेछ, गोप्य कुरामा ध्यान दिनुहोला, शनिबार, आइतबार भने स्थितिमा सुधार आउनेछ, कामको अवसर प्राप्त हुनेछ, आँटेको काम बन्नेछ, अन्त्यमा समय अनुकुल रहनुका साथै फाइदा मिल्ने देखिन्छ । शुभ अंक ७, रंग रातो छ, दुर्गाजीको स्मरण गर्नु शुभ मानिन्छ ।

**कन्या** : (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो)

सुरुमा खर्च बढ्नाले अर्थ अभाव रहनेछ, पछि समग्र फाइदा हुने काम जुट्नेछ, काममा उपलब्ध हुनेछ, शनिबार, आइतबार केही अर्थ अभाव रहनेछ, साथीभाइ टाढिन सक्छन्, स्वास्थ्यमा गढबढी हुनेछ, अन्त्यमा प्रतिष्ठित कामको अवसर जुट्नेछ । शुभ अंक ७, रंग सेतो हो, शिवजीको पूजा गर्नाले गरेको काममा सफलता पाइने देखिन्छ ।

**तुला** : (रा,री,रु,रे,रो,ता,ती,तू,ते)

काममा अवसर जुट्नेछ, साथीभाईको सहयोगले काम बन्ने छ, ठूला व्यक्तिबाट मान सम्मान पाइनेछ, यात्रा गर्ने अवसर जुट्नेछ र साताको अन्त्यमा खर्च बढ्नु र धनमालको नोक्सानी हुने देखिन्छ, शुभ अंक ८ र रंग सेतो हो, महालक्ष्मीको दर्शन गरी कार्य आरम्भ गर्नु अधिक फाइदा हुनेछ ।

**बृश्चिक** : (तो,ना,नी,नू,ने,नो,या,यी,यू)

कामको जिम्मेवारी बढ्ने, काममा बाधा चुनौति थपिने छ र अरुको स्वार्थमा उपयोग भइनेछ, सजग रहनुहोला, शनिबारदेखि केही सुधार हुनेछ, राजनीतिक र नोकरीमा प्रसिद्धि बढ्नेछ, व्यवसायमा अरुको मन जितेर लाभ लिइनेछ, वहानबाट लाभ मिल्नेछ, शुभ अंक ८ र रंग घ्यू कलर हो, विष्णु भगवानको पूजा गरी कार्य गर्नु शुभ मानिन्छ ।

**धनु** : (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)

अप्ठ्यारो स्थिति आउनेछ, कामको बोझ थपिनेछ, नियमित काममा बाधा पुग्नेछ, इर्स्या गर्नेहरु बढ्नेछन्, काममा अवजस पाइनेछ, अरुलाई खर्च बढ्नेछ, शनिबारदेखि नयाँ कार्य थालनी हुनेछ, रिस गर्नेहरुदेखि सजग रहनुहोला, अन्त्यमा फाइदा मिल्नेछ, शुभ अंक ६ र रंग पहेँलो हो, विष्णु भगवानको पूजा गर्दा लाभ मिल्ने देखिन्छ ।

**मकर** : (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी)

प्रियजनसँग भेटघाटले रमाइलो हुनेछ, लगानशिलले फाइदा मिल्नेछ, उपहार प्राप्त हुनेछ, यात्रा गर्ने अवसर जुट्नेछ, शनिबारदेखि स्वास्थ्यमा गडबढी हुनुको साथै व्यवहारिक झमेला आइलाग्न सक्छ, शुभ अंक १ र रंग रातो हो । दुर्गाजीको आरधना गर्नु कार्य सफल रहनेछ ।

**कुम्भ** : (गू,गे,गो,सा,सी,सू,से,सो,दा)

कार्य क्षेत्रमा जोश जाँगर बढ्नेछ, जीवनशैलीमा परिवर्तन आउनेछ, दिगो फाइदा हुने काम जुट्नेछ, परिवारिक जमघट बढ्नेछ, आफन्तमा भने केही फाइदा मिल्ने देखिन्छ, शुभ अंक ९ र रंग निलो हो, भैरवजीको पूजा गरी कार्य आरम्भ गर्नु शुभ मानिन्छ ।

**मीन** : (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची)

अवसर जुटे पनि काममा आँट गर्न नसक्दा चुनौति देखा पर्नेछ, अध्ययनमा सफलता नहुने शनिबारदेखि स्थिति अनुकुल बन्नेछ, व्यापारमा फाइदा मिल्नेछ, आफ्नो कामले अरु प्रभावित हुनेछन्, अप्ठ्यारो चुनौतिलाई सामना गर्ने समय छ, आम्दानीको श्रोत जुट्नेछन्, अन्त्यमा स्वास्थ्यमा ध्यान पुऱ्याउनु होला । शुभ अंक ६ र रंग गुलावी हो, विष्णु भगवानको दर्शन गरी कार्य गर्नु शुभ मानिन्छ ।

## अत्यावश्यक टेलिफोन

### प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |

### अस्पताल

| | |
|---|---|
| वीर अस्पताल | ४२२१११९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| टेकु अस्पताल | ४२५३३९६ |
| मेरो डेन्टल हस्पिटल, गोंगबु | ४३८२२४५ |
| काठमाडौं मेडिकल कलेज, सिनामंगल | २४३६१५२ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नर्भिक हस्पिटल, थापाथली | ४२५८५५४ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७/५२७५०८८/५२७५०९९ |
| सुमेरु सिटी अस्पताल | ५४००००० /५४११११११, ५४४४४४४ |
| होम तथा प्रसूतीगृह प्रालि, सामाखुसी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिंच्युट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| नेपाल मेडिसिटी हस्पिटल, नख्खु, भैंसेपाटी | ४२१७७६६ |
| भरोसा अस्पताल प्रालि, बानेश्वर | २४३४९६८/४४८९८९१ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५ /६ |
| बी.एन्ड.बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, तीनकुने | ४१११९५७/८५८ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | २४३३५१८/२४३०६१५ |
| ॐ हस्पिटल एन्ड रिसर्च सेन्टर | २४३६२२५ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, जोरपाटी | ४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसूतीगृह | ४३८३१५२/४३८०८४८ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| सहिद मेमोरियल अस्पताल | ४६७२९३४/६२०८७२ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| ओम समाज डेन्टल अस्पताल, चाबहिल | ४४७३४४४/४४८०८८० |
| स्टार अस्पताल, सानेपा | ५५५०१९७/५५५०१९८ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल प्रालि | ४२४४०२२ |
| एभरेस्ट हस्पिटल,नयाँबानेश्वर | ४७८१२९४/४७८३०२४ |
| काठमाडौं नाक,कान, घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| शुभेच्छा इन्टरनेसनल हस्पिटल | ४२८९५३४/४२८९३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| अल्का हस्पिटल | ५४५१५५५/५४५५५५५ |
| मानसिक अस्पताल | ४४८०१७०/५५२१३३३ |
| बयोधा अस्पताल | ४२८६४२८/४२८१६६६ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५/४४२६१८४ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्रीबाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बीपी स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४/४३८७०९६ |
| भेनस हस्पिटल, बानेश्वर | ४४९०३३३ |
| आयुर्वेद अस्पताल, नरदेवी | ४२५६८८३/४२५९१८२ |

### एम्बुलेन्स/शववाहन

| | |
|---|---|
| मेडिक्रेयर नेसनल अस्पताल ( एम्बुलेन्स) | ४४६७०६७ |
| श्री सत्यसाई निःशुल्क एम्बुलेन्स/शववहान | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०/९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |


### अन्य

| | |
|---|---|
| दमकल | १०१ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |

# ट्याक्सी सञ्चालनको नयाँ मापदण्ड बन्दै

काठमाडौं । यातायात व्यवस्था विभागले ट्याक्सीका रूपमा सञ्चालन हुने सवारी साधन सम्बन्धी मापदण्डको मस्यौदा तयार पारेको छ ।

विभागले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गर्दै 'ट्याक्सीका रूपमा प्रयोग हुने सवारी सम्बन्धी मापदण्ड, २०८०' को मस्यौदा तयार गरेको हो ।



उक्त मस्यौदा सार्वजनिक गर्दै विभागले सरोकारवाला, नागरिक समाज लगायातबाट सल्लाह, सुझाव तथा राय-परामर्श मागेको छ । आगामी असार ४ गतेभित्र विभागले प्राप्त गरेको सल्लाह, सुझाव र राय-परामर्शलाई समेत ध्यानमा राख्दै मापदण्डको मस्यौदालाई अन्तिम रूप दिइने विभागले जनाएको छ ।

विभागका अनुसार ट्याक्सीका रूपमा प्रयोग हुने सवारी सम्बन्धी मापदण्ड, २०८० नेपालभर लागू हुनेछ । नयाँ ट्याक्सीको रूपमा दर्ता हुने वा पुराना ट्याक्सीको सञ्चालन अवधि सकिएपछि ती ट्याक्सीको सट्टामा दर्ता हुने नयाँ सवारी यो मापदण्डमा आधारित भई लागू हुनेछ ।

ट्याक्सी भन्नाले पाँच सिट क्षमताको सार्वजनिक यातायातमा प्रयोग हुने सानो सवारी साधन हो । ट्याक्सीको छतमा पहेंलो रंग लगाइएको हुनु पर्ने विभागले जनाएको छ ।

ट्याक्सीको रूपमा प्रयोग हुने सवारी साधनमा एन्टी-लक ब्रेकिङ प्रविधि ( एबिएस) र इलेक्ट्रोनिक ब्रेक फोर्स डिस्ट्रिब्युसन (इबिडी) अनिवार्य रूपमा हुनुपर्ने मापदण्डको मस्यौदामा उल्लेख छ ।

त्यस्तै यस्तो सवारी साधनमा ड्राइभर र यात्रु सिटमा गरी कम्तिमा पनि दुई वटा एयरब्याग, उच्च रफ्तार अलर्ट प्रविधि, रियर डोर चाइल्ड लक, सबै सिटमा सिट बेल्ट, सेन्ट्रल लकिङ, ड्राइभर र को-ड्राइभर सिट बेल्ट रिमाइन्डर, रिअर पार्किङ सेन्सर र रिअर भ्यू क्यामेरा अनिवार्य हुनुपर्ने प्रस्तावमा छ ।

विभागले ट्याक्सीको आकार, यान्त्रिक क्षमता तथा उपलब्ध सुविधाको स्तर लगायतका आधारमा ट्याक्सीहरूलाई साधारण (अर्डिनरी), विशेष (डिलक्स) र विशिष्ट (लक्जरी) गरी तीन वर्गमा वर्गीकरण गरेको छ ।

नयाँ मापदण्डमा प्रस्ताव गरेअनुसार साधारण ट्याक्सीमा ८०० सिसी वा सोभन्दा बढी क्षमताको इन्जिन जडित हुनुपर्नेछ । यो वर्गको ट्याक्सी विद्युतीय भएमा ब्याट्री संचित हुने उर्जा (किलोवाट आवर) र सवारीको कुल भार (केजी) बीचको न्यूनतम अनुपात ०.०१२ हुनुपर्नेछ ।

त्यस्तै साधारण ट्यक्सी हुन गाडीको अधिकतम इन्जिन वा मोटरशक्ति ३० किलोवाट वा सोभन्दा माथि, अधिकतम इन्जिन वा मोटर टर्क ६० न्यूटन मिटर वा सोभन्दा माथि, ह्विलबेस २,३०० मिलिमिटर वा सोभन्दा माथि र बुट स्पेस (मालसामान राख्ने क्षमता) १६० लिटर वा सोभन्दा माथि हुनुपर्नेछ । साथै ट्याक्सीमा मनोरञ्जनका लागि कम्तिमा सवारीको अगाडि वा पछाडि साउन्ड सिस्टम हुनुपर्ने प्रस्ताव छ ।

कुनै पनि सवारीलाई विशेष ट्याक्सीको रूपमा सञ्चालन गर्न चाहेमा त्यसमा १२०० सिसी वा सोभन्दा बढी क्षमताको इन्जिन जडान भएको हुनुपर्ने प्रस्तावमा उल्लेख छ । यो विद्युतीय सवारी साधन भएमा ब्याट्रीमा संचित हुने उर्जा (किलोवाट आवर) र सवारीको कुल भार (केजी) बीचको न्यूनतम अनुपात ०.०१९ हुनुपर्ने बताइएको छ ।

विशेष ट्याक्सी हुने गाडीमा अधिकतम इन्जिन वा मोटरशक्ति ५० किलोवाट वा सोभन्दा माथि, अधिकतम इन्जिन वा मोटर टर्क ८० न्यूटन मिटर वा सोभन्दा माथि, ह्विलबेस २,४०० मिलिमिटर वा सोभन्दा माथि र बुट स्पेस २०० लिटर वा सोभन्दा माथि हुनु पर्नेछ ।

अन्य सुविधाअन्तर्गत यस वर्गको ट्याक्सीमा मनोरञ्जनका सवारीको अगाडि वा पछाडि साउन्ड सिस्टम, कम्तिमा एउटा टच स्क्रिनसहितको डिस्प्ले स्क्रिन, विद्युतीय स्वीचबाट खुल्ने र बन्द हुने झ्याल, जाडो-गर्मी सबै मौसममका लागि उपयुक्त स्वचालित वातानुकुलन प्रणाली र पछाडि रिडिङ ल्याम्प हुनुपर्नेछ ।

नयाँ मापदण्डको मस्यौदामा विशिष्ट ट्याक्सी हुन चाहेको गाडीको इन्जिन क्षमता २००० सिसी वा सोभन्दा माथि हुनुपर्ने प्रस्ताव गरिएको छ । कुनै विद्युतीय गाडी विशिष्ट ट्याक्सीका रूपमा सञ्चालन गर्ने चाहेमा ब्याट्रीमा संचित हुने उर्जा ( किलोवाट आवर) र सवारीको कुल भार (केजी) बीचको न्यूनतम अनुपात ०.०२५ हुनुपर्नेछ ।

विशिष्ट ट्याक्सीमा अधिकतम इन्जिन वा मोटरशक्ति १०० किलोवाट वा सोभन्दा माथि, अधिकतम इन्जिन वा मोटर टर्क १७० न्यूटन मिटर वा सोभन्दा माथि, ह्विलबेस २,७०० मिलिमिटर वा सोभन्दा माथि र बुट स्पेस ४०० लिटर वा सोभन्दा माथि हुनुपर्नेछ ।

यसका साथै विशिष्ट ट्याक्सी हुन सवारी साधनमा मनोरञ्जनका लागि अगाडि वा पछाडि साउन्ड सिस्टम, सवारीको पछाडिको सिटपङ्क्तिका लागि कम्तिमा दुईवटा टचस्क्रिन सहितको डिस्प्ले स्क्रिन, विद्युतीय स्वीचबाट खुल्ने र बन्द हुने झ्यालहरू, जाडो-गर्मी सबै मौसममका लागि उपयुक्त स्वचालित वातानुकुलन प्रणाली र पछाडिको सिटको लागि समेत वातानुकुलित हावा प्रवाह हुने हावापथ हुनुपर्ने प्रस्तावमा उल्लेख छ ।

यसबाहेक विशिष्ट ट्याक्सीमा पछाडिको सिटमा शिर अड्याउने हेड रेष्ट, हात अड्याउने आर्म रेष्ट, अगाडि र पछाडि कप होल्डर, पछाडि रिडिङ ल्याम्प, पछाडि सिटमा बस्ने यात्रुका लागि मोबाइल तथ अन्य विद्युतीय उपकरणहरू चार्ज गर्न डिसी वा एसी पावर आउटलेट, वाइफाई इन्टरनेट सुविधा, अगाडि कम्तिमा १००० मिलिमिटर र पछाडि ९५० मिलिमिटरको शिर कक्ष, अगाडि १००० मिलिमिटर र पछाडि ९०० मिलिमिटर पाउ कक्ष (लेग रूम) हुनुपर्नेछ ।

सामान्य, विशेष र विशिष्ट ट्याक्सी छुट्याउन विभागले हरेक सवारीमा वर्ग खुल्ने संकेत चिन्ह भएको स्टिकर टास्नुपर्ने बताएको छ । यो अंग्रेजी अक्षरमा हुनेछ। अंग्रेजी अक्षर 'ओ' ले अर्डिनरी (सामान्य), 'डी' ले डिलक्स ( विशेष) र 'एल' ले लक्जरी (विशिष्ट) भन्ने बुझाउनेछ। प्रत्येक ट्याक्सीमा अगाडिको सिसाको चालक तर्फको माथिल्लो कुना, पछाडिपट्टिको दायाँ र बायाँ ढोकाको सिसा र पछाडिको सिसाको दायाँतर्फको कुनामा यस्तो स्टिकर टाँस्नुपर्ने प्रस्तावित मस्यौदामा उल्लेख छ ।

विभागले तयार पारेको मापदण्डको मस्यौदा अनुसार साधारण वर्गको ट्याक्सी भाडादर सरकारले तोकेको भाडादर बराबर हुनेछ। विशेग वर्गका ट्याक्सीको भाडा दर साधारण वर्गको ट्याक्सीको भन्दा २० प्रतिशत बढी हुनेछ विशिष्ट वर्गको ट्याक्सीको भाडा दर भने साधारण ट्याक्सीको भन्दा १०० प्रतिशत बढी हुनेछ ।

नेपालमै पैठारी, उत्पादन वा एसेम्बल भएका सवारीको कुनै पनि मोडललाई पनि ट्याक्सीको रूपमा दर्ता गराउन सकिने व्यवस्था विभागले मस्यौदामा उल्लखे गरेको छ । यसको लागि विभागले तोकेको आवश्यक कागजात बुझाउनु पर्ने हुन्छ ।

कुनै पनि ट्याक्सी यात्रुको लागि उपलब्ध छ वा छैन अर्थात् खाली छ वा छैन भन्ने बुझाउन सवारीको छतमा संकेत बत्ती राख्नुपर्ने मापदण्डमा उल्लेख छ । सवारी खाली हुँदा हरियो संकेतको बत्ती, खाली नुहँदा रातो संकेतको बत्ती र सवारी सेवामा नहुँदा सेतो संकेतको बत्ती बाल्नुपर्नेछ । बत्तीमा बालिने तीन थरी रंगको नियन्त्रण स्वीच चालक सिटको अगाडि जडान गर्नुपर्ने हुन्छ ।

संकेत बत्तीको लम्बाई २५० देखि ३२० एमएम, चौढाई ८० देखि १०० एमएम र उचाई ९० देखि ११० एमएम हुनुपर्नेछ । त्यस्तै ट्याक्सी लेखिएको अक्षरको उचाई कम्तिमा ६० एमएम हुनुपर्नेछ ।

त्यस्तै ट्याक्सीका लागि प्रयोग हुने कारहरूमा अनिवार्य रूपमा प्रिन्टरसहितको डिजिटल भाडा मिटर र डिस्प्ले सिहितको जिपिएस न्याभिगेसन प्रणाली हुनुपर्ने मस्यौदामा उल्लेख छ । विभागले मिटर जडित ट्याक्सीको मापदण्ड २०७६ खारेज गरेको जनाएको छ ।

## ताइवान र चीनलाई एकै देश ठान्दा बेइजिङ एयरपोर्टमा दुई घण्टासम्म रोकिए मेस्सी

विश्वविजेता अर्जेन्टिनी सुपरस्टार लियोनेल मेस्सी मैत्रीपूर्ण खेलका लागि जाने क्रममा बेइजिङ एयरपोर्टमा झमेला भएको छ ।

समाचार अनुसार अर्जेन्टिना र स्पेनका दुवै राहदानीसहित बेइजिङ उत्रिएका उनलाई त्यहाँ चिनियाँ प्रहरीले दुई घण्टासम्म नियन्त्रणमा लिएको हो ।



मेस्सी अर्जेन्टिनाको राहदानीको साटो स्पेनिस राहदानीबाट चीनको यात्रामा थिए । समाचार अनुसार मेस्सीलाई चीनको बेइजिङस्थित अन्तर्राष्ट्रिय विमानस्थलमा तैनाथ प्रहरीले दुई घण्टासम्म रोकेर राखेको हो ।

सामाजिक सञ्जालमा भाइरल भइरहेको भिडिओमा मेस्सी चिनियाँ प्रहरीद्वारा घेरिएको देखिएका छन् ।

अर्जेन्टिनाले आगामी जुन १५ तारिखमा बेइजिङको वर्कर्स स्टेडियममा अस्ट्रेलियासँग एक अन्तरराष्ट्रिय मैत्रीपूर्ण खेल खेल्दैछ । फिफा विश्व कप च्याम्पियन अर्जन्टिना आफ्नो प्रदर्शनबाट चिनियाँ समर्थकको मन जित्ने कोसिसमा छ ।

यसअघि सोमबार सार्वजनिक भिडिओले सबैलाई चकित बनाइदिएको छ । यो घटना जुन १० मा भएको हो। जुन अहिले भाइरल भइरहेको छ । सार्वजनिक भिडिओमा अर्जेन्टिनी कप्तान लियोनेल मेस्सीलाई चिनियाँ पुलिसले हिरासतमा लिए जस्तो देखिन्छ ।

त्यहीकारण मेस्सी र उनका साथीहरुले केहीबेर झमेला भोग्नु परेको थियो ।राहदानी विवादका कारण ३५ वर्षीय मेस्सी बेइजिङ विमानस्थलको निर्देशनअनुसार दुई घण्टासम्म रोकिनुपर्‍यो ।

समाचार अनुसार यस्तो हुनुको कारण उनीसँग रहेका दुईवटा राहदानी हुन् । उनीसँग अर्जेन्टिना र स्पेनिश दुई देशका राहदानी छन् । तर मेस्सी अर्जेन्टिनाको राहदानीको साटो स्पेनिस राहदानीमा यात्रारत थिए । तर उनको स्पेनिस राहदानीमा चीनको भिसा लागेकै थिएन। यहीकारण चिनियाँ प्रहरीले मेस्सीलाई विमानस्थलमै रोकेको हो ।

करिब आधा घण्टापछि यो विवादको हल खोजियो । उनलाई त्यहीं इन्ट्री भिसा दिएपछि मेस्सी विमानस्थलबाट बाहिर निस्किन पाए । समाचार अनुसार स्पेनको राहदानीबाट चीनमा बिनाभिसा पस्न सकिँदैन । स्पेनको राहदानीमा बिनाभिसा ताइवान भने प्रवेश गर्न सकिन्छ । लियोनल मेस्सीले ताइवान पनि चीनकै भूभाग रहेको ठानेका थिए । त्यहीकारण उनले भिसाका लागि निवेदन नै दिएनन् ।

समाचार अनुसार सुरुमा मेस्सी र चिनियाँ विमानस्थलमा तैनाथ प्रहरीबीच भाषाको समस्या भएको थियो । त्यसलाई तत्कालै हल गरियो ।

चीनमा मेस्सीका लाखौं फ्यान छन् । एयरपोर्टबाट निस्किने क्रममा मेस्सीलाई उनका फ्यानले भव्य स्वागत गरे । एयरपोर्ट र उनी बस्ने होटलबाहिर हजारौं फ्यान जम्मा भएका छन् । फुटबल करिअरमा मेस्सी सातौं पटक चीनको यात्रामा छन् ।

# साबित्राले युरोपियन क्लबमा खेल्ने

नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी गोलमेसिन सावित्रा भण्डारी साम्बाले युरोपेली क्लबबाट खेल्ने भएकी छन् ।

नेपाली टिमकी फरवार्ड सावित्रा इजरायलको क्लब हापोएल रानानाबाट त्यहाँको लिग खेल्नका लागि अनुबन्ध भएकी हुन् ।

क्लबले मंगलबार सामाजिक सञ्जालमार्फत सावित्रासँग सम्झौता भएको जनाएको छ । एसियाली भूमिमा पर्ने भए पनि इजरायल युरोपेली महादेशको फुटबल महासंघमा सदस्य छ ।

नेपाल मात्र नभएर दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकरमध्ये एक रहेकी सावित्राले लामो समयदेखि युरोपमा खेल्ने सपना राखेकी थिइन् र त्यसका लागि उपयुक्त अवसरको खोजीमा थिइन् ।

अहिले आएर त्यो सपना पूरा हुने बाटोमा रहेको उनले बताएकी छिन् । 'यो मेरो लागि र नेपाली महिला फुटबलकै खुशीको कुरा हो । एकदमै राम्रो लागेको छ', सावित्राले भनिन्, 'पहिलेदेखिनै एउटा सपना थियो । अहिले त्यो सपनाको बाटोमा छु । पाइला चालिहरेको छु । सपना पूरा हुन बाँकी छ ।'



सावित्राले यसलाई आफ्नो खेल करियरको अर्को महत्वपूर्ण स्टेपको रुपमा लिएकी छन् र यसले नेपाली महिला फुटबलको चर्चा युरोपसम्म हुने बताइन् ।

घरेलु फुटबलमा विभागीय टोली एपीएफबाट खेल्ने सावित्राले भारतीय महिला लिगमा दुई फरक क्लबबाट खेल्दै तीन उपाधि जितिसकेकी छन् ।

केही समयअघि समाप्त भारतीय महिला लिगमा उनले गोकुलम केरलाबाट खेल्दै उपाधि जितेकी थिइन् । जहाँ उनी २९ गोल गर्दै सर्वपाधिक गोलकर्ताको अवार्ड जित्न सफल भइन् । यसअघि उनले सेथु एफसी र गोकुलम केरलाबाटै लिग उपाधि जितेकी थिइन् ।



# कांग्रेसमा ‘रुपान्तरण अभियान’ रहर कि बाध्यता ?

काठमाडौं । जेठको टन्टलापुर घाम, देशभर बढ्दो तापक्रमका बीच नेपाली कांग्रेसका केही युवा नेताले ‘कांग्रेस रुपान्तरण अभियान’ घोषणा गरी प्रदेशस्तरमा कार्यकर्ता भेला गरे । सबैजसो राजनीतिक दलका संगठनहरु एजेण्डाविहीन भएर ओइलाएको अवस्थामा देशव्यापी अभियान लिएर कांग्रेसका ती युवा विभिन्न प्रदेशको दौडाहामा निस्किँदा कार्यकर्ता पनि केही हदसम्म चलायमान देखिए ।

नेपाली कांग्रेसका युवा नेताहरुले जेठको दोस्रो सातादेखि सुरु गरेको ‘रुपान्तरण अभियान’ अन्तर्गत पहिलो चरणका कार्यक्रम लगभग अन्त्यतिर आइपुगेको छ । सातै प्रदेश र डायस्पोरा भेला गरी पार्टीमा देखिएका विकृति र स्वेच्छाचारी प्रवृत्ति विरुद्ध खबरदारी गर्ने, कार्यकर्ताहरुको सुझाव संकलन गर्ने र नेतृत्वलाई सच्चिन दबाब दिने उद्देश्यले थालिएको कार्यक्रम उत्तरार्द्धमा पुगेको हो ।

जसअनुसार जेठ ३१ गते बुधबार कोशी प्रदेशको इहटरीमा रुपान्तरण अभियानले भेला गरेको छ । प्रदेशस्तरीय भेला अन्तर्गत यो अन्तिम कार्यक्रम हो । यसपछि असार ३ गते भर्चुअल माध्यमबाट डायस्पोराको भेला गरेपछि पहिलो चरणको कार्यक्रम समापन हुने कांग्रेसका युवा नेता गुरुराज घिमिरे बताउँछन् ।

उनी यस कार्यक्रमबाट उत्साहित छन् । निर्वाचन भर्खरै सकिएको थियो, कुनै पनि राजनीतिक दलले कार्यकर्ता तहमा कार्यक्रम सञ्चालनको तत्काल आवश्यकता महसुस नगरेको समयमा कांग्रेसका देशभरका कार्यकर्तालाई जोड्ने गरी आफूहरुले रुपान्तरण अभियान सञ्चालन गरेको र कार्यकर्ताबाट पाएको ‘रेस्पोन्स’ ले उत्साहित भएको घिमिरेको भनाइ छ ।

नेपाली कांग्रेसको १४ औं महाधिवेशन सम्पन्न भएको डेढ वर्षसम्म पनि विधान बमोजिम केन्द्रीय समितिलाई पूर्णता दिने, विभागहरु गठन गर्ने, भ्रातृ संगठनहरुलाई पूर्णता दिने र चलायमान बनाउने काम नभएको जस्ता कारणले गर्दा आफूहरु प्रचण्ड गर्मीका बाबजुद देशव्यापी अभियान लिएर हिँड्नु परेको घिमिरेको भनाई रहेको छ ।

‘अब कुरेर बस्ने बेला छैन,’ उनले भने, ‘पुराना पार्टीभित्र देखिएको विकृतिलाई नै उजागर गर्दै नयाँ पार्टीहरुले आफ्ना एजेण्डा बनाएर मतदातालाई आकर्षित गरिरहेका छन् । यस्तो अवस्थामा कांग्रेसलाई चाँडोभन्दा चाँडो रुपान्तरण गरी कार्यकर्ता र मतदातालाई आकर्षित गर्नुपर्छ भनेर हामी अभियानमा जुटेका हौं ।’

कांग्रेसका अर्का युवा नेता भुपेन्द्रजङ्ग शाही पनि पार्टी विधानसम्मत् ढंगले अघि बढ्न नसक्दा आफूहरुले कार्यकर्ताको भावना बुझ्न र उनीहरुको सुझाव नेतृत्व तहसम्म पुर्‍याउन रुपान्तरण अभियानमार्फत देशभर पुगेको बताउँछन् ।

‘पार्टीका ४८ वटा विभाग छन्, हरेक विभाग ५१ सदस्यीय हुन्छ,’ शाहीले भने, ‘विधान बमोजिम यी विभागले पूर्णता पाएको भए अहिले दुई हजार चार सय ४८ साथीहरु कुनै न कुनै विभागको जिम्मेवारीमा हुन्थे । तर महाधिवेशन सम्पन्न भएको डेढ वर्षसम्म पनि नेता-कार्यकर्ताहरुलाई जिम्मेवारीविहीन तुल्याएर पार्टीलाई नै शिथिल बनाउने काम भएको छ ।’

सिङ्गो पार्टीको हितलाई केन्द्रबिन्दुमा राखेर आफूहरु अभियानमा निस्किएको शाही बताउँछन् । उनले यो अभियान कसैका विरुद्ध लक्षित नरहेर सिङ्गो पार्टीको हितलाई केन्द्रबिन्दुमा राखेर सञ्चालन गरिएको दाबी गरे ।

‘२०७४ को निर्वाचनको तुलनामा २०७९ को संसदीय निर्वाचनमा मतदाता बढेको प्रतिशत र नेपाली कांग्रेसले पाएको समानुपातिक मत हेर्नुस्, कांग्रेसको मत घटेको छ । कार्यकर्तामा निराशा छ,’ उनले भने, ‘यति नै बेला नयाँ पार्टीहरुप्रति रुझान बढ्दै गइरहेको छ । यस्तो अवस्थामा पनि परम्परागत



रुपबाट पार्टी चलाएर मतदातालाई आकर्षित गर्न सकिँदैन । विधानलाई मिचेर अघि बढ्दा त आफ्नै कार्यकर्तालाई समेत जोगाउन सकिँदैन । त्यसैले हामी ती मतदाता र कार्यकर्ताको भावना बुझ्न र पार्टी नेतृत्वसम्म उनीहरुको कुरा पुर्‍याउन यो अभियानमा लागेका हौं ।’

युवा नेता घिमिरेका अनुसार १४ औं महाधिवेशन सम्पन्न भएको १८ महिना बित्दा पनि पार्टीभित्र रुपान्तरणको नतिजा देखिएन । ‘पार्टी परम्परागत र गुटगत रुपमै चल्यो । गुटबन्दी अस्वस्थ रुपबाट अझ बढेर गयो । तीन तहका निर्वाचनमा गुटगत रुपबाटै उम्मेदवारी वितरण गरियो । पार्टीभित्रका अवसर पनि गुटगत रुपबाटै वितरण गरियो,’ उनले भने, ‘पार्टीमा न्याय, मूल्याङ्कन भएन । यसले आम कार्यकर्तामा निराशा बढ्यो । वैशाख १० मा भएको उपनिर्वाचनमा पनि हामीले आफ्नो गढ गुमाउनु पर्‍यो । भ्रातृ संस्थाहरु एक प्रकारले कोमामा पुगे ।’

विधानले मार्गनिर्देश गरेका कमिटी पनि बन्न नसकेको, विस्तार हुन नसकेको अवस्था एकातिर रहँदा अर्कोतिर नयाँ पार्टीहरुको दबदबा बढेको घिमिरे बताउँछन् । ‘चुनौतीहरु एकपछि अर्को थपिँदै गए तर हामीले पार्टी चलाउने परम्परागत ढर्रा बदल्नै चाहेनौं,’ उनले भने, ‘केही भएकै छैन, सबै सामान्य छ भनेझैं गरेर पार्टी चल्यो । त्यसैले देशभरिका कार्यकर्ताको भनाइ के छ, उनीहरुको आकांक्षा के छ भनेर एकमुष्ट रुपमा सुझाव एकत्रित गर्न पनि हामीले यो अभियान सञ्चालन गरेका हौं ।’

सातै प्रदेश र डायस्पोराबाट आएका सुझावलाई समेटेर पार्टीलाई प्रतिवेदन बुझाउने उनको भनाइ छ । ‘पार्टीले यसको स्वामित्व लिएर यसलाई संस्थागत बनायो भने ठिकै छ, नत्र अर्को चरणमा हामी जानुपर्ने अवस्था आउन सक्छ,’ उनले भने ।

१४ औं महाधिवेशनबाट कांग्रेसमा उमेरको हिसाबले युवादेखि प्रौढसम्म कार्यकारी भूमिकामा छन् । महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा युवा पुस्ताका प्रभावशाली नेता मानिन्छन् । यद्यपि, महाधिवेशन सम्पन्न भएको डेढ वर्षसम्म केन्द्रीय कार्यसमितिले पूर्णता नपाउनु, यहाँसम्म कि कोषाध्यक्ष मनोनयनसम्म हुन नसक्नु, विभागहरुलाई पूर्णता दिन नसक्नु जस्ता असक्षमताको भारी उनीहरुको काँधमा कति पर्छ भन्नेबारे पनि स्वाभाविक रुपमा प्रश्न उठ्छ ।

पार्टीलाई विधानसम्मत् हिँडाउन नसक्ने अवस्थामा उनीहरु किन त्यो असक्षमताको भारलाई काँधमा हालेर पदमा बसिरहन्छन् भन्नेबारे पनि चासो बढेको छ । पार्टीमा युवा पुस्ताबीच नै तालमेल हुन नसकेको त होइन भन्नेबारे पनि आशंका उब्जिएको छ ।

तर रुपान्तरण अभियानका एक सारथि गुरुराज घिमिरे भने पार्टीको कार्यकारी भूमिकामा रहेका युवा साथीहरु दोहोरो जिम्मेवारीमा रहेको तर्क गर्दछन् । ‘जनतालाई आश्वस्त बनाउने, पार्टीका साथीहरुलाई आश्वस्त बनाउने दायित्व पनि एकातिर उहाँहरुमा छ,’ उनले भने, ‘अर्कोतिर पार्टीको विधानले पनि उहाँहरु बाँधिनुभएको छ, उहाँहरुले गर्नुपर्ने काम विधानले नै तोकेको छ । उहाँहरु एकै पटक सडकमा आउन मिल्दैन ।’

यद्यपि पार्टी विधानसम्मत् ढंगले चल्न नसकेको विषयमा पार्टीको कार्यकारी भूमिकामा रहेका युवा साथीहरुले आवाज उठाइरहेको घिमिरे बताउँछन् ।

उनले भने- कार्यकारी भूमिकामा रहेका साथीहरुले पनि पछिल्लो समय आएर ‘हामीले कोसिस गर्‍यौं तर सकेनौं, अब या त रुपान्तरण गर्छौं या विद्रोह गर्छौं’ भन्नुभएको छ ।

अर्का युवा नेता शाही भने पार्टी नेतृत्वले गर्न चाहेन वा गरेन भन्दैमा पदाधिकारीको भूमिकामा रहेका युवा नेता जिम्मेवारीबाट पन्छिन नमिल्ने तर्क गर्दछन् । ‘काम गर्न सकिँदैन भने जिम्मेवारीमा रहनुको अर्थ पनि हुँदैन, यो कुरा उहाँहरुले बुझ्नु भएकै होला,’ उनले भने, ‘पार्टीको पदाधिकारी पनि जिम्मेवार र निर्णायक तह हो । पार्टीमा सुधार गर्न, परिवर्तन ल्याउन, संगठनलाई गतिशील बनाउन, सभापतिलाई ट्र्याकमा ल्याउन उहाँहरुको पनि दायित्व रहन्छ ।’

कांग्रेसका युवा नेता शाही संगठनको क्रियाशीलताका हिसाबले कांग्रेस शून्यमा रहेको अवस्थामा आफूहरुले रुपान्तरण अभियानमार्फत गतिशील बनाउन प्रयास गरेको बताउँछन् ।

‘साँच्चै भन्ने हो भने चुनावपछि कांग्रेसमा सन्नाटा छ, संगठनको क्रियाशीलता शून्य छ,’ उनले भने, ‘यस्तो अवस्थामा रहेको पार्टीमा रुपान्तरण चाहिन्छ कि चाहिँदैन ? पदाधिकारी वा केन्द्रीय समितिले नै यो अभियान चलाएको भए हुन्थ्यो, पार्टी यत्तिकै एक नम्बर छ, सधैं एक नम्बर नै रहन्छ भन्ने हो भने ठिक छ, नत्र त संगठन चलायमान बनाउनैपर्छ, कार्यकर्ताको भावना सुन्नैपर्छ ।’

यसकै लागि आफूहरु गर्मी, घाम नभनी खटिरहेको शाहीको भनाइ छ । ‘गर्मीमा एयर कन्डिसनभित्र बसेर सामाजिक सञ्जालमा दुई चार शब्द लेख्दैमा पार्टी चल्दैन,’ उनले भने, ‘कार्यकर्ताको कुरा सुन्न ठाउँठाउँ पुग्नुपर्छ, कार्यकर्ताको भावना अनुसार उनीहरुलाई समेत समेटेर पार्टीलाई अघि बढाउनुपर्छ ।’

युवा नेता गुरुराज घिमिरे यो अभियानको पहिलो चरणका कार्यक्रम सम्पन्न भएपछि देशव्यापी र डायस्पोराबाट आएका सुझावलाई समयसीमा दिएर पार्टीलाई बुझाउने र त्यो सुझाव कार्यान्वयन हुने विश्वास व्यक्त गर्दछन् ।

उनले भने, ‘समयसीमाभित्र पार्टीले त्यसको स्वामित्व लिएर कार्यान्वयन गरेमा ठिकै छ, नत्र जिल्ला निर्वाचन क्षेत्रसम्म त्यसलाई लिएर हामी अर्को चरणमा जान्छौं । जनवर्गीय संगठनहरु, शुभेच्छुक संस्थासम्म पनि हामी यसलाई लिएर जान्छौं । सीमान्तकृत समुदायसम्म पुर्‍याएर यसलाई मुलुककै एजेण्डा बनाउँछौं ।’

कांग्रेसमा रुपान्तरण ल्याएरमात्र आफूहरुको अभियान रोकिने घिमिरे बताउँछन् । ‘हामी पद वा भागबण्डाका लागि होइन, पार्टी विधिसम्मत् ढंगले चलोस्, विधान अनुसार चलोस् भन्ने हाम्रो उद्देश्य हो,’ उनले भने, ‘कांग्रेस लोकतान्त्रिक पार्टी हो । यसलाई लोकतान्त्रिक विधिबाटै सञ्चालन गरेर सबैको आकर्षणको केन्द्र बनाउनतिर नेतृत्वले ध्यान दिनुपर्छ ।’

## प्रचण्डको ज्यान...

नै भएको देखिदै गएको छ । रिटमा प्रचण्ड र बाबुरामलाई लिखित जवाफ पेश गर्न भनिएको छ । मुद्दाले अग्राधिकार पनि पाएको छ । यसो हुनुमा प्रचण्डविरुद्ध ठूलै षड्यन्त्रका संकेतहरु देखिन थालेका छन् ।

त्यसो त लेनिन बिष्ट प्रचण्डलाई हेग लाने चेतावनी दिँदै आएका थिए । प्रचण्ड र बाबुरामविरुद्ध दर्ता भएको रिटमा बिष्टले बालसेनाका रुपमा प्रयोग गरी युद्ध अपराध गरेको आरोप लगाएका छन् । प्रचण्ड नेतृत्वको माओवादीले सशस्त्र गतिविधिका बेलामा ठूलो संख्यामा बाल सैनिक प्रयोग गरेको रिटमा भनिएको छ । बिष्टले बालसैनिक भएकै आधारमा लडाकु शिविरबाट अयोग्य घोषित गरी निकालिएको रिटमा उल्लेख गरेका छन् । लेनिन बिष्ट बर्हिगमित जनमुक्ति सेना, नेपालका अध्यक्ष हुन् । बिष्टले सशस्त्र द्वन्द्वकालमा माओवादीले २०५९ मा आफूलाई सैन्य भर्ती गर्दा १३ वर्ष मात्र भएको उल्लेख गरेका छन् । संयुक्तराष्ट्रसंघीय नेपालस्थित मिसनको भेरिफिकेशनले २९७३ जनालाई बाल सैन्यको रुपमा सूचीकृत गरेको थियो । नेपालमा २०६३ सालमा माओवादी सशस्त्र गतिविधि अन्त भएको थियो । शान्ति प्रक्रियाका दौरान माओवादी लडाकुको समायोजन हुँदा अनमिनले बालसैनिकलाई अयोग्य घोषित गरेको थियो । जसका कारण बालसैनिकको प्रयोगको विषय उठ्दै आएको छ । यसरी विषय उठाएर प्रचण्डलाई डर त्रास देखाउन एउटा समूह नै लागेको छ । प्रचण्ड निरन्तर त्यस्ता समूहसँग जुधिरहेका छन् । झन् उनले मन्दिर प्रवेश गरेपछि त्यस्ता समूह आत्तिएका छन् ।

## पौडेललाई ...

भएकाले बुधवारसम्म अस्पतालमै रहे । चैत्रमा राष्ट्रपति निर्वाचित भएका हुन् पौडेल । वैशाखको सुरुमा भारतमा उपचारका लागि लगिएको थियो । उनको पेटमा समस्या देखिएको थियो । भारतबाट फर्किएपछि उनलाई फेरि अर्को ठूलो समस्या देखिएको हो ।

## आरोपै आरोप ...

व्यापारिक भवन बनाउन लागेको हो । त्यसका लागि १२ नम्बर वडा कार्यालयको भवन भत्काइसकेको छ भने, त्यही रहेको प्रहरी कार्यालय पनि भत्काउने तयारी छ । स्थानीयले माफियाको चलखेलको विरोध गरेका छन् तर, प्रहरी महानिरीक्षक कुँवर आफैं ललितपुर पुगेर प्रहरी कार्यालय सार्न हस्ताक्षर गरेपछि यतिबेला उनको नियतमाथि अनेक प्रश्न उठेका छन् ।

गत १९ बैशाखमा ललितपुर महानगरपालिकाको कार्यालयमा गएर उनले प्रहरी कार्यालय भत्काएर व्यापारिक भवन बनाउन हस्ताक्षर गरेका हुन् । मातहतको प्रहरी कार्यालयलाई समेत बेवास्था गरेर आइजिपी आफैं त्यसरी महानगरपालिकाको बैठकमा गएर प्रहरी कार्यालय सार्न हस्ताक्षर गर्नुले उनको नियतमाथि समेत प्रश्न उठेको छ ।

करिब दुई रोपनी जग्गामा व्यापारी केबी महर्जनले आँखा लगाउँदै आएका छन् । सो जग्गाको पछाडि उनले थप जग्गा किनेर राखेका छन् । तर, सो जग्गामा जाने बाटो सानो छ । वडा र प्रहरीको भवन भत्काएर नयाँ बनाउँदा बाटो बढाउन पाइने र त्यसबाट उनको जग्गाको करोडौं मूल्य बढ्नेछ । त्यसका लागि अहिले त्यहाँ व्यापारिक भवन बनाउन लागिएको हो । अझ रमाइलो त सो जग्गामा भवन बनाउने ठेक्का समेत सेटिङमा उनै महर्जनले पाएका छन् । उनको जग्गालाई समेत फाइदा हुने गरी नक्सापास मिलाइएको छ ।

यस्तो नीतिगत भ्रष्टाचारमा प्रहरी महानिरीक्षक समेत हिस्सेदार बनेका छन् । इमान्दार छवी भएका कुँवरलाई यो प्रकरणले ठूलै धक्का लाग्ने देखिन्छ । यो चलखेलविरुद्ध स्थानीयले भने अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत निकायमा समेत उजुरी गरेका छन् ।

बसपार्कमै रहेको प्रहरी कार्यालय उठाएर गल्लीभित्र लैजादा त्यहाँको शान्ति सुरक्षा समेत प्रभावित हुनसक्ने उनीहरुको चिन्ता छ । आइजिपी बनाउन सहयोग गर्ने समहूले नै कुँवरलाई सो विषयमा हस्ताक्षर गर्न दबाब दिएको स्रोत बताउँछ ।

## किन पशुपतिनाथमा...

गरेका थिए । उनी पहिलोपटक मन्दिर दर्शनका लागि पुगेपछि चर्चा भएको थियो । २० जेठमा भारत भ्रमणबाट फर्किएपछि प्रचण्डले पशुपतिनाथ दर्शन गरेर महत्वपूर्ण सन्देश दिएका छन् । उनको साथमा भारत भ्रमणमा जाँदा महाकालेश्वर दर्शन गर्ने चारजना मन्त्रीहरु पनि पशुपतिनाथको दर्शनमा सहभागी थिए । प्रचण्डलाई धर्मनीरपेक्षका मुख्य पक्षधरका रुपमा लिने गरिन्छ । तर, पछिल्लो समय उनी धार्मिक कार्यक्रममा पनि सहभागी हुन थालेका छन् । यसलाई कतिपयले पत्नी सीता दाहालको शिघ्र स्वास्थ्यलाभको कामना गर्न भन्ने गरिन्छ । प्रचण्डले विगतमा भैंसी पूजा पनि गरेका थिए ।

## ओलीले ...

न्यायाधीश डा. श्रीकृष्ण भट्टराईको पनि उजूरी परेको छ । डा. भट्टराईले न्यायपरिषदले ८ दिन ढिलो गरी पदमा नरहेको जानकारी गराएको विषय उठाएका छन् । संवैधानिक परिषदले गरेको कार्कीको प्रधानन्यायधीश नियुक्ति नै अवैध भएकोले बदर गर्न सर्वोच्चमा परेको रिटको दरपीठमाथि नै प्रश्न उठाएका थिए । दरपीठ उपर परेको निवेदनमा पालो नआउने गरी सेटिङ गरी संसदीय सुनुवाईसम्म पालैपालो धकेलिएको जिकिर गरेका थिए ।

नेपालको संविधान अनुसार प्रधानन्यायधीशलाई संवैधानिक परिषद्ले नियुक्तिको सिफारिश गरेपछि संसदीय सुनुवाईमा स्वीकृत हुनुपर्ने व्यवस्था छ । त्यसपछि मात्र राष्ट्रपतिले प्रधानन्यायधीशको नियुक्ति गर्दछन् । चोलेन्द्र शमशेर जबरामाथि महाभियोग लागेपछि देश कायमम्मुकायम प्रधानन्यायधीशको भरमा चलिरहेको छ । देशमा केही समययता कुनैपनि प्रधानन्यायाधीश पूरा कार्यकाल नरहने र विवादमा पर्ने क्रम बढेको छ । राजनीतिक हस्तक्षेप पनि बढ्न थालेको छ ।

## चीन दौडाहा ...

छ । भ्रमण टोलीमा सांसदहरु जीवन परियार, धवल शमशेर राणा, प्रदीप यादव, उदयबहादुर बोहरा, दिपा गुरुङ र हरिराम चौधरी पनि सहभागी छन् । ९ सदस्यीय प्रतिधिमण्डलमा दुईजना गैरसांसद पनि छन् । तिमिल्सिनाले चीनमा रहँदा राष्ट्रिय जन काँग्रेसको स्ट्यान्डिङ कमिटीका अध्यक्ष चाओ लिजी, चाइनिज पिपुल्स पोलिटिकल कन्सुल्टेटिभ कन्फरेन्सका अध्यक्ष वाङ हुनिङगलगायतसँग भेटिसकेका छन् । उनले विकाससम्बन्धी विभिन्न परियोजनाबारे समेत छलफल गरेका छन् ।

यसअघि कम्युनिस्ट नेताहरुको भ्रमण भएको थियो । नेकपा माओवादी केन्द्रका उपाध्यक्ष समेत रहेका पूर्व सभामुख अग्निप्रसाद सापकोटा नेतृत्वको २० सदस्यीय टोली चीन पुगेर फर्किएको छ । टोलीमा माओवादीका सातै प्रदेशका अध्यक्ष समेत सहभागी थिए । जम्बो टोली नै चीन पुगेर फर्कनु अर्थपूर्ण छ । एमाले नेताहरु पनि चीन पुगेर फर्किइसकेका छन् । कम्युनिस्ट नेताहरुप्रति चीनको विशेष चासो छ । उनीहरु कम्युनिस्ट पार्टीलाई आफूनिकट मानिरहेका छन् । उनीहरुबीच एकता बनाउन पनि चीन सक्रिय छ ।

## प्रभु बैंकका ...

रकम हिनामिना गरेको आरोपमा थुनामा छिन् । यसैसँग आवद्ध शिवशिखर सहकारीको बचत फिर्ता गर्न नसक्दा उनका श्रीमान केदारनाथ शर्मा फरार छन् भने अन्य सञ्चालकहरु पुष्कर मल्ल र अनिश राज भण्डारी यसअघि पक्राउ परिसकेका छन् । प्रभु बैंककी ऋणी गिता शर्मा शिव शिखर सहकारी संस्थाको मुख्य साझेदारी रहेको शिखर अर्गनाइजेसन प्रालिकी निर्देशक समेत हुन् । बचत गरेको रकम तथा मुद्दती खातामा रहेको रकमको भुक्तानी मिति नाघेपछि पनि फिर्ता नगरी निक्षेप रकम ठगी गरेको आरोपमा पक्राउ गरी प्रहरीले उनिमाथि थप अनुसन्धान गरिरहेको छ । केदारनाथ शर्मा बचतकर्ताको १२ अर्ब रुपैयाँ ठगेर भागेका शिखर अर्गनाईजेशन र तुलसी बहुमुखी सहकारी संस्था दुवै संस्थाका मालिक हुन्, जो अहिले फरार छन् ।

त्यस्तै, देउराली सहकारीका अध्यक्ष रविन्द्र चौलागाईंले लिएको अरबौं ऋण नउठ्ने भएपछि धितो राखेको केही जग्गा प्रभु बैंकले लिलामी प्रक्रिया समेत अगाडि बढाएको छ । तर, प्रभु बैंकले लिलामी अगाडि बढाएको जग्गा लिलामी गर्दा पनि लगानी गरेको रकम नउठ्ने बैंककै कर्मचारीहरुले बताउने गरेका छन् भने चौलागाईले भने आफ्नो अरबौंको जग्गा खाने उद्देश्यले बैंकले आफ्ना जग्गा लिलामीमा निकालेको बताउँदै हिँड्ने गरेका छन् ।

सीईओ शेरचनले व्यक्तिगत स्वार्थका लागि मनपरी ढंगले गलत कम्पनीमाथि लगानी गर्दा बैंकको खराब कर्जा निकै बढेको छ । प्रभु बैंकको एनपीएल गत आर्थिक वर्षमा १ दशमलव २१ प्रतिशत रहेकोमा अहिले बढेर ३ दशमलव ४८ प्रतिशत पुगेको हो । यो प्रतिशत तुलनात्मक हिसावले हेर्दा झण्डै दोब्बरले बढी हो । त्यस्तै बैंकको ईपीएस घटेर ११.०७ रुपैयाँ कायम भएको छ । अघिल्लो वर्ष ईपीएस १५.७२ रुपैयाँ थियो । पीई रेसियो १२.३२ गुणा रहेको बैंकको प्रतिसेयर नेटवर्थ १४२.८५ रुपैयाँ रहेको छ । त्यसो त अशोक शेरचनलाई उनको मनपरीमा लगाम लगाउने कोही देखिँदैन किनकि प्रभु ग्रुपका अध्यक्ष तथा सांसद देवीप्रकाश भट्टचननै उनका संरक्षक हुन् । बैंक तथा वित्तीय संस्थाका नियामक निकाय नेपाल राष्ट्र बैंकसमेत शेरचनको प्रभावमा परेको छ । उनका गलत क्रियाकलापका विषयमा पटकपटक गुनासो र उजुरीनै पर्दा समेत मुकदर्शक बनेर उल्टो प्रोत्साहित गरिरहेको छ ।

यसअघि नेपाल राष्ट्र बैंकमा २०७६ साल १२ गते पुगेको उजुरी उपर राष्ट्र बैंकले आजसम्म पनि कुनै कारबाही अगाडी बढाएको छैन, उल्टै शेरचनका विरुद्धमा परेको उजुरीका सम्वन्धमा सञ्चालक समितिसँग जवाफ माग्नुपर्नेमा उल्टै उनैसँग स्पष्टिकरण सोधियो र घटनालाई सामसुम पार्ने काम गरियो । राष्ट्र बैंकबाट बैंक सुपरिवेक्षणमा जाँदा समेत यी कुराहरुलाई औंल्याइएको देखिँदैन । राष्ट्र बैंकमा परेको उक्त उजुरीमा बैंकका उच्च पदस्थ कर्मचारीको खातामा गैरकानूनी र असाधारण तरिकाबाट जम्मा हुन आएकोले छानबिन गर्न माग गरिएको छ । तर हालसम्म पनि शेरचनकै प्रभावमा परेर राष्ट्र बैंकले उक्त खाताको अनुसन्धान नगरेको बैंककै कर्मचारीहरुको गुनासो छ ।

राष्ट्र बैंकमात्र होइन केन्द्रीय अनुसन्धान ब्यूरो सीआइबीसम्म शेरचनको प्रभावमा परेको छ । उनका गैरकानूनी हर्कत र वित्तीय अपराधका सम्वन्धमा परेको उजुरीमाथि आवश्यक छानबिन गरेर कारबाही अगाडि बढाउनुपर्नेमा उल्टै स्वार्थ बाझिने गरी सोही बैंकका सीइओ शेरचनकै हातबाट प्रहरी कल्याण कोषका नाममा रकम लिएपछि अन्ततः घटना सामसुम पारिएको छ । राष्ट्र बैंक सीआइबी मात्र होइन शेरचनको प्रभावमा मूलधारका सञ्चारमाध्यम समेत यतिबेला मौन छन् ।

## प्रचण्ड र बाबुराम भट्टराई एक होलान् ?

काठमाडौं । कुनैबेला पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको नेकपा माओवादीमा अहिलेका हस्ती नेताहरु धेरै थिए । जसमध्ये डा. बाबुराम भट्टराई र उपेन्द्र यादव पनि हुन् । कालान्तरमा तीनजना तीनतर्फ लागे । तर, उनीहरु फेरि नजिकिएका छन् । प्रचण्ड र र डा. बाबुराम भट्टराई एउटै पार्टीमा रहने पहल बढेको छ । दुवै दलका नेताहरुले एकताको अनौपचारिक छलफल बढाइसकेका छन् ।

बाबुराम नेतृत्वको नेपाल समाजवादी पार्टीको गत हप्ता बसेको केन्द्रीय कमिटी बैठकले माओवादी केन्द्रसँग एकता प्रक्रिया बढाउने निर्णय लिएको छ । समाजवादीका नेता विश्वदीप पाण्डेले माओवादीसँग एकताका लागि माओवादीका तर्फबाट प्रस्ताव आएपछि प्रक्रियाले गति लिने जानकारी दिए । पाण्डेका अनुसार समाजवादी केन्द्र निर्माणमा आफूहरु सक्रिय हुने बताए । माओवादी अध्यक्ष प्रचण्डले समाजवादी केन्द्र निर्माण गर्ने विषयबारे बोल्दै आएका छन् ।

प्रचण्ड र डा. बाबुराम भट्टराई लामो समय माओवादीमा सँगै थिए । देशमा २०७२ मा संविधान जारी भएपछि भट्टराई प्रचण्ड नेतृत्वको माओवादीबाट अलग भएका थिए । तर, मंसिर ४ को चुनावमा एउटै मोर्चा बनाएर माओवादी र एनएसपीका नेताहरुले चुनाव लडेका थिए । सशस्त्र द्वन्द्वकालीन मुद्दा उल्टाउन खोजिएपछि माओवादीहरु झन् एक हुन थालेका छन् ।

## लागुऔषधसहित तीनजना पक्राउ

काठमाडौं । बाँके र कपिलवस्तुबाट तीनजना लागुऔषधसहित पक्राउ परेका छन् । बाँकेको नेपालगंज उपमहानगरपालिका-१४ बस्ने २० वर्षीय राम सिंह लोनियालाई अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ७ ग्राम ५ मिलिग्रामसहित प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा लागुऔषध नियन्त्रण ब्यूरो नेपालगंज, ईलाका प्रहरी कार्यालय हिरमिनिया र प्रहरी चौकी तेलियनपुबाट संयुक्त रूपमा खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो । कपिलवस्तु, बाणगंगा नगरपालिका-८ पुलचोकबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब १ ग्रामसहित २ जनालाई दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २८ वर्षीय तोरण बहादुर थापा र २४ वर्षीय किसन पौडेल रहेका छन् ।

थापाको घरमा लागुऔषधको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरीले तलासी गर्ने क्रममा उनीहरूलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो ।